# दीपज्योतिका दुई दशक

**२०७३**

**दीपज्योति समाज सुधार संघ**

सुन्द्रावती दोलखा

**डिजाइन : टेल-ई-कम एजुकेशन**

**प्रकाशन मिति : २०७३ असोज ३०**

**संस्करण : प्रथम**

**प्रति : ५००**

## प्रकाशक
**दीपज्योति समाज सुधार संघ**
सुन्द्रावती २, दोलखा
०४९-४२१७७८
०४९-६९००८६

**Email : deepjyotidolakha@gmail.com**

website: www.deepjyotidolakha.org.np

मुद्रण : हिमालय अफसेट प्रेस

# वर्तमान कार्य समितिको विवरण

| | | | |
|---|---|---|---|
| १ | डम्बर प्रसाद सेडाई | अध्यक्ष | सुन्द्रावती- २ |
| २ | निर्मला शिवाकोटी | उपाध्यक्ष | सुन्द्रावती- १ |
| ३ | पुरुषोतम दाहाल | सचिव | सुन्द्रावती- १ |
| ४ | शुशिला थामी | कोषाध्यक्ष | लामाबगर-४ |
| ५ | कविता चिमरिया | सह सचिव | सुनखानी -९ |
| ६ | शान्ता केसी | सदस्य | च्यामा |
| ७ | कृष्ण प्रसाद मैनाली | सदस्य | सुन्द्रावती- ३ |
| ८ | घनश्याम सेढाई | सदस्य | सुन्द्रावती -२ |
| ९ | नवराज दर्जी | सदस्य | सुन्द्रावती- ९ |
| १० | प्रमिला सेढाई | सदस्य | सुन्द्रावती- २ |
| ११ | सन्तोष मैनाली | सदस्य | सुन्द्रावती- ३ |

**जग्गा दाताको विवरण**

| क. स. | दाताको नाम थर | ठेगाना | बुवाको नाम थर | आमाको नामथर | दाताको पति वा पत्निको नाम थर | जग्गाको ठेगाना | दान गरिएको जग्गाको परिमाण (व.मी) | दान दिएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | विलभद्र सेढाई | सुन्द्रावती २, दोलखा | राम प्रसाद सेढाई | जानुकादेवी सेढाई | खड्ग कुमारी सेढाई | सुन्द्रावती २, दोलखा | ९६ व.मि | २०६९/७/२४ |
| २ | नारायण प्रसाद सेढाई | सुन्द्रावती २, दोलखा | महेश्वर सेढाई | गंगालक्ष्मी सेढाई | पूर्ण कुमारी शिवाकोटी (सेढाई) | सुन्द्रावती २, दोलखा | ३७० व.मि | २०६९/७/२४ |
| ३ | गणेश प्रसाद सेढाई | सुन्द्रावती २, दोलखा | मुक्तिनाथ सेडाई | जानुकादेवी सेढाई | भगवती सेडाई | सुन्द्रावती २, दोलखा | १५९ व.मि | २०७३/६/१८ |

**मा. पार्वत गुरुङ**
संविधान सभा सदस्य
दोलखा-१
नेपाल कम्युनिष्ट पार्टी (एमाले)

**Hon. Parbat Gurung**
Member of Constituent Assembly
Dolakha-1
Communist Party of Nepal (UML)

# शुभकामना

दोलखा जिल्लाका सक्रिय गैह्र सरकारी संस्थाहरु मध्ये अग्र पङ्क्तिमा रहेको दीपज्योति समाज सुधार संघले आफ्नो स्थापनाको २ दशक लामो समयावधि सफलतापूर्वक समाज सेवाका क्षेत्रमा व्यतित गरेको यस पावन अवसरमा संस्थाको सफल कार्यकालका लागि हार्दिक बधाइ ज्ञापन गर्दछु ।

सुन्द्रावती गाविसबाट सेवा प्रारम्भ गरेर दोलखा जिल्लाभर भूकम्पपछिको पुनर्निर्माणको अभियानमा आवास निर्माण, स्वास्थ्य, शिक्षा, जीवीकोपार्जन, सरसफाइ, सार्वजनिक संरचनाहरुको पुनर्निर्माण, स्थानीय निकायको क्षमता विकासमा सहयोग तथा विद्यालय सरसफाइका क्षेत्रमा समेत विभिन्न दातृ निकायसँगको साझेदारीमा जुटिरहेको यस संस्थाको समाज सेवाका क्षेत्रमा दोलखा जिल्लामा गर्विलो पहिचान स्थापित भइ सकेको छ ।

संस्थाले स्थापना कालदेखि हालसम्म सम्पन्न गरेका क्रियाकलापहरुलाई समेटेर आम जन समुदायको जानकारी र पृष्ठपोषणका लागि "दीपज्योतिका दुई दशक" नामक प्रकाशन सार्वजनिक गर्न लागेकोमा मनै देखि खुसी व्यक्त गर्दछु । संस्थाले आफूले गरेका गतिविधिहरुको पारदर्शिता, प्रदर्शन गरेर आम दोलखाली जनताको मन जितेको छ । संस्थाको २१ औं वार्षिक साधारण सभाको शुभ अवसरमा प्रकाशन हुन लागेको यस प्रकाशनले नसमेटेका विषयवस्तुहरु आगामी प्रकाशनहरुमा समावेश हुने नै छन् । संस्थाको यो प्रयासप्रति आभार प्रकट गर्दै दीपज्योति समाज सुधार संघको उत्तरोत्तर प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना प्रकट गर्दछु ।

मा. पार्वत गुरुङ
व्यवस्थापिका-संसद
दोलखा - १

फोन नं: ०१-४७८०४७४, ४३८६६९०(कार्यालय)
०१-४३६५९२७ (निवास)
मोबाईल नं: ९८५१०५५०८४
ईमेल : parbatgurung4@gmail.com

Phone No.: 01-4780474, 4386690(Office)
01-4365927 (Res)
Mobile No.: 9851055084
Email: parbatgurung4@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चरिकोट, दोलखा

फोन ०४९-४२११३३
०४९-४२११०४
फ्याक्स नं ०४९-४२१०१८
इमेल:dolakhadao@gmail.com

पत्र संख्या : ०७३/०७४
चलानी नं. : १०६९

मिति: २०७३/०६/२८

**विषय :-** शुभकामना ।

**श्री दीपज्योति समाज सुधार संघ**
**सुन्द्रावती, दोलखा ।**

दीपज्योति समाज सुधार संघ सुन्द्रावती दोलखाले आफ्नो स्थापनाको २ दशक पूरा भएको अवसरमा बार्षिक साधारण सभाको मौका पारेर **"दीपज्योतिका दुई दशक"** नामक पुस्तक प्रकाशन गर्न लागेकोमा संस्थालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । प्रकाशनमा उक्त संस्थाले २० वर्षको अवधिमा हासिल गरेका उपलब्धि तथा सिकाइहरुलाई समेटेर आफूले गरेका कामहरुको पारदर्शिता प्रस्तुत गर्न पहल गरेकोमा आभार प्रकट गर्दछु ।

दोलखा जिल्लाको सुन्द्रावती गाबिसमा स्थापना भई दोलखा जिल्लाभरि आफ्नो कार्य क्षेत्र बनाउन सफल यस संस्थाले भुकम्प पछिको अवधिमा जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वय र निर्देशनमा बिभिन्न गाविस र नगरपालिकाहरुमा भूकम्प पीडितको सहयोगार्थ अस्थायी आवास, शिक्षा, स्वास्थ्य, लघु उद्यम, आय आर्जन, स्वास्थ्य र सरसफाइ, विद्यालय सरसफाइ, सुशासन आदिका क्षेत्रमा कार्य गर्दा जिल्ला तहमा भूकम्प पछिको राहत व्यबस्थापन तथा पुनर्निर्माणमा सहयोग मिलेको छ ।

दिपज्योति समाज सुधार संघलाई आगामी दिनमा लक्षित बर्गलाई केन्द्रमा राखी अझ राम्रोसँग आर्थिक अनुसाशन कायम गरी, पारदर्शिता अभिबृद्धिका साथ कार्यक्रम सञ्चालन गर्न सफलता मिलोस् ! संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु !

२०७३।६।२८
(बालकृष्ण कटवाल)
नि. प्रमुख जिल्ला अधिकारी
**निमित्त प्रमुख जिल्ला अधिकारी**

# नेपाल पत्रकार महासङ्घ

## दोलखा शाखा

प.सं. :- ०७३/०७४
च.नं. :-
मिति :- २०७३ असोज ३०

विषय : शुभकामना

श्री दीपज्योति समाज सुधार संघ

सुन्द्रावती दोलखा

दीपज्योति समाज सुधार संघ, सुन्द्रावतीले आफ्नो एक्काइस वर्षको समाज विकासमा गरेका अनुभव, सिकाई, भोगाई समेटी **दीपज्योतिका दुई दशक** नामक पुस्तक प्रकाशन गर्न लागेकोमा ज्यादै खुशी लागेको छ। उक्त कार्यको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

२०५२ सालमा स्थानीय युवाबाट स्थापित यस संस्थाले यस अवधिमा आफ्नो नाम अनुसारको काम गरी शिक्षित, समतामूलक र आत्मनिर्भर समाज निर्माणमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। वडाबाट कार्य क्षेत्र विस्तार गर्दै हाल दोलखा जिल्लालाई नै कार्यक्षेत्र बनाउन सफल भएको छ। आगामि दिनमा देशभरी नै आफ्नो कार्यक्षेत्र विस्तार गर्नमा संस्थालाई सफलता मिलोस।

गैरसरकारी संस्थाको मूल्य,मान्यता र आदर्शलाई आत्मसात गरी आगामि दिनमा थप पारदर्शी समावेशी बन्दै अन्य गैरसरकारी संस्थाको लागि अनुकरणीय संस्था बन्न सकोस। दीपज्योति समाज सुधार संघको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

(उद्धव पोखरेल)
अध्यक्ष

# गैर सरकारी संस्था महासंघ, नेपाल

# NGO Federation of Nepal

जिल्ला शाखा दोलखा

**District Chapter, Dolakha**

पत्र संख्या : Ref No. : ०७३/७४

चलानी नं : ५७

Date: 2073/06

## शुभकामना

दीपज्योति समाज सुधार संघ

सुन्द्रावती, दोलखा ।

२०५२ साल भाद्र २० मा जिल्ला प्रशासन कार्यालय, दोलखामा दर्ता भई स्थापना भएको यस दीपज्योति समाज सुधार संघले आफ्नो स्थापनाकाल देखि हालसम्मका गतिविधि, भोगाइ, सिकाइ र उपलब्धिहरुलाई समेटी **दीपज्योतिका दुई दशक** नामक पुस्तक सार्वजनिक गर्न लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ । यस कार्यले संस्थाद्वारा सञ्चालित विविध गतिविधि तथा आर्थिक पक्षको पारदर्शिता गराउनेछ भन्ने विश्वास लिएको छु साथै यस कार्य प्रति संस्था परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

आफ्नो स्थापनाकाल देखि नै मुख्यतया सामाजिक गतिविधिसँग सम्बन्धित रहेर शिक्षा, सामुदायिक भौतिक संरचना, युवा केन्द्रित कार्यक्रम, तथा वातावरण संरक्षण आदि क्षेत्रमा विभिन्न गतिविधि संचालन गर्दै आइरहेको मलाई जानकारी छ । समाज कल्याण परिषद्मा समेत आवद्ध रहेको यो संस्था गैर सरकारी संस्था महासंघ, नेपाल, दोलखा सँग समेत आवद्ध रही नियमित समन्वय तथा सहकार्य गरिरहेको छ । २०७२ बैशाख १२ गतेको विनासकारी भूकम्प पश्चात यस संस्थाले विभिन्न दातृ निकायको सहयोगमा दोलखा जिल्लाका भुकम्प पीडित सर्वसाधारणका लागि विभिन्न शिक्षा, आवास, स्वास्थ्य तथा सरसफाइ, उद्यम पुनरोत्थान, सामुदायिक सहभागितामूलक विकास लगायतका क्षेत्रमा पुऱ्याएको योगदान साच्चै सराहनीय लागेको छ । आगामी दिनमा पनि यस्तै सामाजिक कार्यमा अग्रणि भूमिका निर्वाह गर्दै समाजमा पछाडि पारिएका वर्गलाई निरन्तर सेवा प्रदान गर्न सकियोस् २२ औं वार्षिक साधारणसभाको अवसरमा यही शुभकामना व्यक्त गर्दछु ।

.........................

धर्मेन्द्र मोक्तान

अध्यक्ष

**Contact No. : 049-421765, 421247, Cell 9851026056**

**E-mail : ngofederation.dolakha@gmail.com**

# सम्पादकीय..........

दीपज्योति समाज सुधार संघ सुन्द्रावती दोलखा जिल्ला प्रशासन कार्यालय दोलखामा २०५२ साल भदौ २० गते ९४ औं नम्बरमा दर्ता भएको गैह्र सरकारी सामाजिक संस्था हो । यो संस्था समाज कल्याण परिषद् एवं गैह्र सरकारी महासंघ नेपालमा आवद्ध छ । विशुद्ध गैर नाफामूलक, गैर राजनीतिक एवं लोक कल्याणकारी सामाजिक संस्थाका रुपमा यसले स्थापनाको २ दशक सफलतापूर्वक सम्पन्न गरेको छ । संस्थाले विधान तथा विभिन्न विनियमहरु तयार पारी सोका आधारमा संस्थाका गतिविधिहरुलाई अगाडि बढाउँदै दुई दशकका विच प्राप्त गरेका उपलब्धिहरु, भोगेका चुनौतीहरु एवं सिकेका सिकाइहरुलाई समेटेर यो "दीपज्योतिका दुई दशक" नामक प्रकाशन तयार पारिएको हो । हाल सम्मका सफलता, अनुभव तथा अवसरहरुलाई भावी दिनमा थप प्रभावकारी, समयसापेक्ष, जनमुखी, पारदर्शी बनाउने उद्देश्य सहित प्रकातिशत यस प्रकाशनले संस्थाले आफ्नो स्थापना कालदेखि हालसम्म सम्पादन गरेका क्रियाकलापहरु आम जनसमुदाय समक्ष समर्पण गर्ने उद्देश्य राखेको छ ।

संस्थाका गतिविधिहरुलाई व्यवस्थित, पारदर्शी, जनमुखी एवं विकासका स्थापित मानक तथा मापदण्ड अनुकुल बनाउन आम सरोकारवालाहरुको पृष्ठपोषण जरुरी हुन्छ । प्राप्त सुझाव तथा सल्लाह एवं पृष्ठपोषणलाई समयानुकुल ग्रहण गरी लागु गर्न सकेमा संस्थागत क्षमतामा बढोत्तरी आउँछ र जन आकाङ्क्षा अनुसारका योजना एवं प्रस्ताव तयार पार्न तथा तिनको सफल कार्यान्वयन गर्न बल मिल्छ । संस्था कोको साझेदारहरुसँग केके काममा साझेदारी गर्दैछ भन्ने जानकारी आम विकासका पक्षधर तथा लाभग्राही जनसमुदायलाई राम्ररी हुन जरुरी हुन्छ । विकासका साझेदार तथा आम लाभग्राही जनसमुदायसँगको पारस्परिक विश्वास, आपसी सहयोग, समन्वय एवं सहकार्यका लागि संस्थाका गतिविधि, नीति एवं क्रियाकलापहरु कुनै न कुनै माध्यमबाट जनसमुदाय समक्ष पुग्न आवश्यक छ । यसले संस्थालाई भावी दिनको प्रभावकारितामा बढोत्तरी ल्याएर विकासमा सबैको पहुँच तथा चेतना स्तरलाई सुदृढ बनाउन सहयोग पुऱ्याउँछ । यसै दृष्टिकोणलाई केन्द्रमा राखेर सबै पक्षबाट सकारात्मक पृष्ठपोषण लिने सोचका साथ यो पहिलो प्रकाशन सार्वजनिक गरेका छौं ।

यस पावन अवसरमा यस संस्थालाई यस अवस्थासम्म ल्याउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने जिल्ला विकास समिति, जिल्ला दैवी प्रकोप राहत समिति, विभिन्न विषयगत कार्यालय र स्थानीय निकाय तथा यस संस्थालाई पीडामा परेका जनसमुदायको हितमा विकास तथा चेतना विस्तारका साथ संलग्न हुने अवसर प्रदान गर्नुहुने दोलखा जिल्लाका गाउँ विकास समितिहरु, नेपाल स्विस सामुदायिक वन परियोजना, वातावरण संरक्षण कोष तत्कालीन वन तथा

वातावरण मन्त्रालय, ओपन सोसाइटी फाउन्डेसन अमेरिका, सामाजिक संवादका लागि सहकार्य (एएसडी) नेपाल, युएनहृयाविटाट नेपाल, युएनडिपी नेपाल, ओर्ल्डभिजन इन्टरनेसनल नेपाल, युएसएआइडी/साझेदारी विकास परियोजना, कन्सर्न वर्ल्ड वाइड नेपाल, न्यायिक संसार, सीआइयुडी, सामूहिक अभियान, गोगो फउन्डेसन, वर्ल्डभ्यु लगायत सम्पूर्ण दातृ निकाय एवं साझेदार संस्थाहरुलाई हार्दिक आभार प्रकट गर्दछौं।

दीपज्योति समाज सुधार संघ संस्थाको संस्थागत क्षमतामा बृद्धि गरेर सेवालाई समयसापेक्ष, आवश्यकतामा आधारित बनाउँदै समाजको रुपान्तरण एवं विकासका लागि सबैसँग हातेमालो गर्न प्रतिबद्ध रहेको छ । संस्था  जनभावना अनुसारका गतिविधिहरु अगाडि बढाउन प्रतिबद्ध छ । स्थानीय तहको सुशासन प्रबर्द्धन, पारदर्शिता, जवाफदेहितामा अभिबृद्धि, विकासमा सबैको सहभागिताको सुनिश्चितता, पछाडि पारिएको वर्ग तथा समुदायको सशक्तीकरण र मूल प्रवाहीकरण, महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरुको संरक्षण, सम्मान  एवं समाबेशीकरणमा हामी प्रतिबद्ध छौं । देशले तय गरेका ऐन, नीति, कानुन तथा नियमहरुको अधिनमा रहेर समाजको विकास, परिवर्तन र सशक्तीकरणमा सदैव जुटिरहने विश्वास प्रकट गर्दै यस महा अभियानमा  सबैबाट सहयोग,  सद्भाव एवं सुझावको अपेक्षा राख्दछौं । यस प्रकाशन मार्फत सार्वजनिक भएका संस्थाका संस्थागत क्रियाकलाप एवं विकास सम्बद्ध क्रियाकलापहरु साथै प्रकाशनसँग सम्बन्धित कार्यहरुको सूक्ष्म अध्ययन गरी भावी दिनमा संस्थाले सुधार गर्नुपर्ने पक्षहरु कुनै पनि माध्यमबाट संस्थासमक्ष ल्याइदिनुहुन सबैप्रति आग्रह गर्दछौं ।

# अध्यक्षको कलमबाट.........

**डम्बरप्रसाद सेडाईं**
**अध्यक्ष**

दीपज्योति समाज सुधार संघ सुन्द्रावती दोलखा २०५२ साल भदौ २० गते विधिवत् रुपमा जिल्ला प्रशासन कार्यालय दोलखामा दर्ता भई स्थापना भएको दोलखा जिल्लाको गैह्र नाफामूलक संस्था हो । यस अघि नै यस संस्थाले विशेष गरी सुन्द्रावती गाविस वडा नं. २ का सक्रिय युवा एवं समाजसेवीहरुको न्यानो माया एवं सहयोगमा स्थानीय क्लबका रुपमा सामाजिक जागरणका कार्यक्रमहरु गर्दै आएको थियो । दसैं तिहार विशेष कार्यक्रम, कुलत विरुद्धको चेतना विस्तार तथा खवरदारी कार्यक्रम सञ्चालन गर्दै समाजलाई समुन्नत, सभ्य तथा सुसंस्कृत बनाउने अभियान थालेको हो । सानो आकार र सहयोगबाट व्यापक उद्देश्य प्राप्त गर्न नसकिने तथ्यलाई आत्मसात गर्दै सुन्द्रावतीका समाजसेवी एवं युवाहरुको एकताबद्ध प्रयास एवं विशुद्ध सामाजिक हितका लागि यो संस्था स्थापना गर्ने काममा सफलता प्राप्त भएको हो ।

संस्थाले आफ्नो निर्धारित उद्देश्य प्राप्त गर्नका लागि स्थानीय स्तरमा स्रोत व्यवस्थापन गर्न देउसी, भैलो कार्यक्रम, चन्दा सङ्कलन तथा सीपमूलक कार्यक्रमहरु अगाडि बढाउँदै सामाजिक चेतना र विकासका गतिविधिहरुमा स्थानीय तहमा साझेदारी गर्दै अगाडि बढ्दै गयो । शिक्षा नै समाज परिवर्तन र विकासको मुख्य आधारशिला हो भन्ने भावनाबाट प्रेरित भएर सुन्द्रावती गाविस वडा नं. २ मा चण्डीदेवी प्रावि, तथा सुन्द्रावती गाविस वडा नं. ६ मा गुराँसे प्राविको स्थापनामा सहयोग गरिएको थियो । यी सबै सामाजिक विकास र रुपान्तरणका प्रयासहरुले मेरो अध्यक्षतामा स्थापना भएको यस संस्थालाई जिल्ला तहमा परिचित गराएर समाज विकासको नमुना प्रदर्शन गर्न मलाई घच्घच्याइ रह्यो । कहिले नारी जागरण र सशक्तीकरणका लागि स्विटर बुनाइ तालिम सञ्चालन गर्न मन लाग्थ्यो भने कहिले बाटो घाटो कुलो कुलेसा आदि सफा गरेर गाउँमा सुन्दरता र स्वच्छता कायम गर्न मेरो ध्यान जान्थ्यो । म गाउँमा सडक पुऱ्याएर यातायातको पहुँच पुऱ्याउन, घरघरमा धारो बनाएर शुद्ध खानेपानीको व्यवस्था गर्न, खेत बारीमा कुलो विस्तार गरेर कृषि क्रान्ति ल्याउने सपनाहरु देखिरहन्थे । कहिले अस्पताल बनाएर स्वास्थ्य सेवा विस्तार गर्न मन लाग्थ्यो भने कहिले मन्दिर, देवालय एवं सार्वजनिक स्थलहरुको सुरक्षा तथा संरक्षण गर्न मन जान्थ्यो । यी सबै कामका लागि स्रोत नहुँदा कहिले विरक्त बन्ने परिवेश आए पनि संस्थाको कामप्रतिको एकता, भाइचारा, सहृदयी मन तथा समाजको प्रेरणाले मलाई कहिल्यै सुस्तउन दिएनन् । यी नै सकारात्मक सोचका साथ अगाडि बढाएका कार्यहरुले मलाई सदैव समाजको विकास एवं परिवर्तनप्रति नेतृत्वदायी भूमिकामा रहेर अगाडि बढ्न प्रेरित गरिरहे ।

संस्थाको टिम पनि अत्यन्तै जुझारु, सशक्त भएकाले होस्टेमा हैँसे गर्न कुनै गाह्रो थिएन । "आँटेका काममा सफलता प्राप्त गर्न समूह कार्यको ठुलो हात हुँदोरहेछ ।" एक पछि अर्को गर्दै केही आलोचना धेरै प्रशंसासँगै अगाडि बढ्दै जाँदा नेपाल स्विस सामुदायिक वन परियोजना, वातावरण संरक्षण कोष वन तथा वातावरण मन्त्रालय, ओपन सोसाइटी फाउन्डेसन(ओएसएफ), सामाजिक संवादका लागि सहकार्य(एएसडी) जिल्ला विकास समिति, गाउँ विकास समिति जस्ता

सरकारी तथा गैह्र सरकारी साझेदार संस्थाहरुसँग विकास र परिवर्तनका लागि हातेमालो गर्ने अवसर मिल्यो । यसबाट समाजमा आएको परिवर्तनले नयाँ नयाँ काम गर्न प्रेरित गरिरह्यो । २०७२ साल वैशाख १२, १३ र २९ मा गएको विनाशकारी भूकम्पले दोलखा लगायत नेपालका १४ जिल्ला नराम्ररी ध्वस्त भएपछि त्यसको पुनर्निर्माणका लागि काममा साथ दिने योजना बन्दै गर्दा हामीले युएनह्याबिटाट, युएनडिपी, ओर्ल्डभिजन इन्टरनेसनल नेपाल, युएसएआइडी/साझेदारी विकास परियोजना, कन्सर्न वर्ल्डवाइड आदिसँग साझेदारी गरेर भूकम्प प्रभावित जनसमुदायको सेवामा जुट्ने अवसर पायौँ । यो अवसरका लागि सम्पूर्ण दातृ निकायप्रति हार्दिक आभार प्रकट गर्दछु ।

हाम्रो समाज विकासको अभियान भर्खर एक्काइस वर्षको जवान भएको छ । यसलाई आवश्यक सहयोग, समन्वय, सहकार्य तथा विभिन्न अवसरहरुको प्रदान गरेर प्रौढ बनाउन म सम्बन्धित सबैलाई अनुरोध गर्दछु ।

संस्थालाई यस अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउनु हुने संस्थाका कार्य समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, आजीवन तथा साधारण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, हामीलाई माया, सहयोग एवं सामिप्यता प्रदान गर्ने आम दोलखाली जनसमुदाय, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारका सम्पूर्ण विधागत कार्यालयहरु र तिनका प्रमुखहरु, युएनह्याबिटाट, युएनडिपी, ओर्ल्डभिजन इन्टरनेसनल नेपाल, युएसएआइडी/साझेदारी विकास परियोजना, कन्सर्न वर्ल्डवाइड, स्विस सामुदायिक विकास परियोजना, वातावरण संरक्षण कोष तत्कालीन वन तथा वातावरण मन्त्रालय, ओपन सोसाइटी फाउन्डेसन(ओएसएफ), सामाजिक संवादका लागि सहकार्य(एएसडी), न्यायिक संसार, वर्ल्डभ्यु लगायत सम्पूर्ण दातृ निकाय एवं साझेदारहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

संस्थाले प्राप्त स्रोतको पूर्ण सदुपयोग गर्दै अव नेपालभरि नै विकासको साझेदारका रुपमा अगाडि बढ्ने अठोट लिएको छ । स्रोतहरुको पूर्ण सदुपयोग, भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता, काममा समुदायको पूर्ण सहभागिता, समाजको सशक्तीकरण एवं विकासमा सबैको पहुँच स्थापित गर्ने नीतिका साथ संस्था अगाडि बढ्नेछ । यसमा सबैतिरबाट साथ सहयोग एवं अनुकुल वातावरण प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद

# दीपज्योति समाज सुधार संघको दुई दशक

## १. स्थापनाको परिवेश

दोलखा जिल्लाको सुन्द्रावती गाविस वडा नं २ का सक्रिय युवा तथा समाजसेवीहरुको स्वत स्फूर्त रुपमा सामाजिक कार्यहरु गर्न, वातावरण संरक्षण गर्न, समाजमा रहेका कुलत तथा दुर्व्यसनहरुको अन्त्य गर्न र सामाजिक जागरण ल्याउनको लागि टोल सुधार संस्थाको रुपमा २०५१ संगठित समाज नै २०५२ सालमा विधिवत रुपमा दिपज्योति समाज सुधार संघको नामबाट स्थापना हुन पुगेको थियो । सुन्द्रावती गाविस वडा नं २ का सक्रिय युवा तथा समाजसेवीको २०५२ साउन ५ गते बसेको आमभेलाबाट उक्त संस्था दर्ता गर्ने निर्णय भएको थियो । (उक्त निर्णयको प्रतिलिपि अनुसूची ...मा राखिएको छ ) । सोही भेलाबाट अध्यक्ष श्री डम्बर प्रसाद सेडाईको अयक्षतामा ११ सदस्यीय तदर्थ समितिको गठन भइ २०५२ साल भाद्र २० गतेका दिन जिल्ला प्रशासन कार्यालय, दोलखामा विधिवत रुपमा दर्ता हुन पुगेको थियो । विशेषगरी समाजमा रहेको अन्धकार, अशिक्षा, बेरोजगारीको अन्त्यको लागि आफ्नो अभियान सुरु गरेको यस संस्थाले आफ्ना विषयगत क्षेत्र र कार्य क्षेत्र विस्तार गर्दै अगाडि बढी रहेको छ ।

१. **संस्थाको दूरदृष्टि : दीपज्योतिको अभियान** : स्वस्थ, शिक्षित र आत्मनिर्भर समाज

२. **ध्येयः** समावेशीकरण, पारदर्शिता, जनसहभागितामा आधारित भई सामाजिक परिचालन मार्फत स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याई समून्नत, आत्मनिर्भर र समतामूलक समाज निर्मा० गर्ने ।

३. **संस्थाका उद्देश्यहरु :**

- कृषि र सीप विकासमा आधारित भई अर्थोपार्जनका अवसरहरू सिर्जना गरी समाजको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न सहयोग गर्ने ।
- औपचारिक तथा अनौपचारिक शिक्षामा सर्वसाधारणको पहुँच सुनिश्चित गर्दै चेतना संवाहनका साथै शिक्षा अध्ययनका लागि अवसरहरू सिर्जना गर्न अभिप्रेरित गर्ने ।
- सर्वसाधारणको स्वास्थ्यस्थिति सुधारका लागि चेतनामूलक कार्यक्रमका साथै घुम्ती स्वास्थ्य शिविर, स्वास्थ्य क्लिनिक, स्वास्थ्य सहयोग तथा शुद्ध खानेपानीको व्यवस्था लगायत पूर्ण सरसफाइका लागि सम्बन्धित निकायहरूको समन्वय र स्वीकृति तथा सहयोगमा कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वातावरणीय समस्या समाधानका लागि भू-संरक्षण, गह्रा सुधार, वन सुधार तथा संरक्षण, वैकल्पिक ऊर्जा र चेतना विस्तार लगायतका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सेवाक्षेत्र भित्र दिगो विकासका लागि आवश्यक पर्ने सडक, भवन निर्माण, विद्युतीकरण, खानेपानी, सिंचाई, पुस्तकालय आदि भौतिक पूर्वाधारको निर्माण गर्न आवश्यक पहल गर्ने ।

- सेवाक्षेत्र भित्र पछि परेका वर्ग तथा समुदायलाई विकासको मूलप्रवाहमा ल्याई सशक्तीकरण गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थाले आवस्यकता महसुश गरेको विषय वा क्षेत्रमा आवश्यक अध्ययन तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्ने ।

## ४. सुरुको अवस्था

संस्थाले स्थापना लगत्तै आन्तरिक स्रोत जुटाउनका लागि प्रयत्नशील रहँदै प्राप्त भएको स्रोतको पारदर्शिता अभिबृद्धि गर्दै सामाजिक समस्याहरु निराकरण गर्नका लागि साना तिना प्रयासहरु थाल्यो । जनश्रम परिचालनबाट सामाजिक कार्यहरुमा स्वयंसेवी भावनाको विकास र सामाजिक एकतामा महत्वपूर्ण योगदान पुऱ्याएको थियो । यस अवधिमा संस्थाको क्षेत्र सुन्द्राती गाविस वडा नं २ मा मात्र सिमित थियो । वि.सं. २०५३ मा कार्यक्षेत्रलाई सुन्द्रावती गाविसभरि विस्तार गरियो । सुन्द्रावती गाविसको समानुपातिक, सनतुलित एवं समग्र विकासमा संस्थाले कार्यक्रमहरु अगाडि साऱ्यो र कार्यान्वयन गर्दै गयो । जनताको सर्वोपरि हितलाई केन्द्रमा राखेर कामहरुलाई तत्कालीन स्रोत र सामर्थ्यका आधारमा अगाडि बढाइयो । विशेष गरी सामाजिक कार्यहरु, साँस्कृतिक अभियान, जनश्रम परिचालन गरी सानातिना विकासका पूर्वाधार निर्माण तथा मर्मत सम्भारका कार्यहरु यस अवधिका उपलब्धिका रुपमा रहेका थिए । लागु पदार्थ तथा दुव्यर्सन विरुद्धको अभियान सञ्चालन गर्नुको साथै विभिन्न विद्यालयहरुमा अध्ययनरत जेहेन्दार र अति विपन्न छात्र छात्रालाई शैक्षिक सामग्री सहयोग जस्ता कार्य गर्दै यो संस्था अगाडि बढेको थियो ।

सामाजिक विकास, आय आर्जन तथा सामाजिक विकृतिहरुको अन्त्यको अभियान मार्फत सेवा प्रारम्भ गरेको यस संस्थाले वि.सं. २०६५ अघि वन, वातावरण संरक्षण र शिक्षाको क्षेत्रमा काम गर्दै आफ्नो सेवाको क्षेत्रलाई विस्तार गर्दै लग्यो । काम गर्ने विषयगत क्षेत्रको विस्तारसँगै कार्य क्षेत्रमा समेत विस्तार गरी संस्थाले आफ्नो उपस्थितिलाई सुन्द्रावती, सुनखानी, सुस्पा क्षमावती गाविससम्म पुऱ्यायो । यस संस्थाले तत्कालीन समयमा नेपाल स्विस सामुदायिक वन परियोजना तथा जिल्ला शिक्षा कार्यालय दोलखासँगको साझेदारीमा सामुदायिक वन समुदायलाई हस्तान्तरणमा सहजीकरण गर्ने र अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता न्यूनीकरण गर्ने काम गरेको थियो । सीमित स्रोत र साधनका बाबजुद संस्थाले कार्यक्रम क्षेत्रमा प्रस्तावित कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरेको थियो । सुन्द्रावती गाविसको वडा नं २ बाट सुरु भएको यो संस्थाले विभिन्न काल खण्डमा सेवा क्षेत्रलाई विस्तार गर्दै हाल दोलखा जिल्लालाई कार्य क्षेत्र बनाएर सेवा गर्ने अवसर पाएको छ । संस्थाको क्षेत्र विस्तारको अवस्थालाई तल चर्चा गरिएको छ ।

# क्षेत्र विस्तारको अवस्था

वि.सं. २०६५ तदनुसार सन् २००८ मा सामाजिक संवादका लागि सहकार्य (एएसडी) को सहजीकरणमा यस संस्थाले ओपन सोसाइटी इन्स्टिच्युट पछि ओपन सोसाइटी फाउन्डेसनसँग साझेदारी गरी द्वन्द्वकालमा शिक्षाको अवसर गुमाएका बालबालिकाहरुका लागि विद्यालयमा पुनः भर्ना कार्यक्रम सञ्चालन गर्ने अवसर प्राप्त गरेको थियो । सो अवधिबाट यस संस्थाले दोलखा जिल्लाका सुस्पा क्षमावती, सुन्द्रावती, सुनखानी, लापिलाङ, लामिडाँडा, बाबरे, कालिञ्चोक, खोपाचागू, विगु, आलम्पू र चिलद्खा गरी ११ गाविसहरुमा कार्यक्षेत्र विस्तार गरेको थियो । विशेषगरी द्वन्द्व प्रभावित बालबालिकालाई विद्यालयको मूल प्रवाहमा फकाई उनीहरुले पढ्न पाउने वतावरण सिर्जना गराउनु र गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि प्रयास गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । दिपज्योति समाज सुधार संघ दोलखाको इतिहासमा यस संस्थालाई सहयोग गर्ने पहिलो अन्तर्राष्ट्रिय दातृ निकाय **ओपन सोसाइटी फाउन्डेसन** हो भने **नेपाल स्विस सामुदायिक वन परियोजना** नेपाल यस संस्थासँग साझेदारी गरी सहयोग पुऱ्याउने पहिलो सहयोगी संस्था हो । त्यसपछि जिल्ला विकास समितिबाट स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्र्तगत दोलखा जिल्लाका चार गाविसमा सामाजिक परिचालन कार्य गर्न स्थानीय सेवा प्रदायकको रुपमा छनौट भइसकेपछि स्थानीय निकायसँगको साझेदारीमा समेत काम गर्ने अवसर प्राप्त भएको थियो । नेपालमा भएको संविधान सभाको दोस्रो निर्वाचनमा निर्वाचालाई निष्पक्ष, प्रभावकारी र सबैको मत हाल्न पाउने वातावरण सिर्जना गर्नको लागि वर्ल्ड भ्युको आर्थिक सहयोगमा दिपज्योति समाज सुधार संघ सुन्द्रावतीले संविधान सभा निर्वाचनको संघारमा छोड्नै नहुने मौका शिर्षकको सडक नाटक प्रस्तुत गरेको थियो ।

२०७२ साल बैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्पको कारण दोलखा जिल्ला पनि पूर्ण रुपमा प्रभावित हुन पुग्यो । यस अवस्थामा दोलखा जिल्लाको जनताको घाउमा केही हदसम्म मलम पट्टी लगाउनको लागि केही दातृ निकायहरुको दोलखा जिल्लामा प्रवेश भयो । सोही क्रममा सर्व प्रथम UN Haboitat ले CIUD को समन्यवमा काम गर्नको लागि यस संस्थालाई विश्वास गऱ्यो । जसको सहयोगमा भिनपा ७ र ५ मा २६८ वटा अस्थायी आवास निर्माण गरी समुदायलाई सुरक्षित बसोवासमा सहयोग पुऱ्याउन सफल भएको थियो । यस संस्थालाई सहयोग गर्ने संयुक्त राष्ट्र संघीय निकायमा पहिलो निकाय UN Haboitat रहेको छ। त्यसपछि अन्य विभिन्न निकाय, अन्तराष्ट्रिय गैरसरकारी संस्था समेतको सहयोग र साझेदारितामा यस संस्थाले दोलखा जिल्लाको अधिकांश गाविस तथा नगरपालिकामा विभिन्न क्षेत्रमा आफ्नो सेवा प्रवाह गर्न सफल रहेको छ । एकै पटकमा ७५ जना सम्मलाई रोजगारीको अवसर दिन समेत यो संस्था सफल रहेको छ । यस संस्थाले स्थापनाकालदेखि हालसम्म गरेका प्रमुख क्रियाकलाप र उपलब्धिहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

# स्थापना कालदेखि वर्तमान अवस्थासम्म गरेका प्रयास एवम् उपलब्धिहरू

## १. वातावरण संरक्षण

यस संस्थाले सुरुमा वातावरण संरक्षण कोष, बन तथा वातावरण मन्त्रालयसँगको साझेदारीमा सुन्द्रावती वडा नं १ मा भूसंरक्षणका लागि बाँध बाँध्ने कार्य सम्पन्न गरेको थियो । मन्त्रालयको तर्फबाट प्राप्त ६००००।- रुपैया र स्थानीय जनश्रमदानसमेतबाट उक्त कार्य सम्पन्न गरिएको थियो । उक्त बाँधको कारण हालसम्म पनि सिंचाई कुलो र जमिनको संरक्षण भएको छ । त्यसैगरी जिल्ला विकास समिति/RCIW को खाद्यान्न सहयोग र जिल्ला भूसंरक्षण कार्यलयको तारजाली सहयोगमा सुन्द्रावती गाविस वडा नं २ विरौटो खेतमा भूसंरक्षणको लागि कार्यक्रम सञ्चालनमा गर्न यस संस्थाले समन्वयात्मक रुपमा सहयोग गरेको थियो । त्यसै गरी वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने शिलिशिलामा दोलखा जिल्लाको सुनखानी गाविसको सोती कालीपोखरी, सुन्द्रावती गाविस वडा नं १ र २ को पैयुँबोटे सल्लेरी र वडा नं ४ को पारिपाखा समुदायिक वन समुदयलाई हस्तान्तरण गर्नमा यस संस्थाले नेपाल स्विस सामुदायिक वन परियोजनाको सहयोगमा सहजीकरण गरेको थियो । जिल्ला भूसंरक्षण कार्यालयको समन्वय र सहकार्यमा सुन्द्रावती २ मा वातावरण शिक्षा र वातावरण सचेतना कार्यक्रम (भिडियो चित्र) प्रदर्शन गर्न समेत सहयोग गरेको थियो ।

### २. शिक्षा

यस संस्थाले स्थापनाकालको सुरुवातबाट नै शिक्षा क्षेत्रमा विशेष कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । स्थापनाको सुरुका वर्षमा मानव अधिकार तथा सचेतना विकास केन्द्र (हुराडेक)सँगको सहकार्यमा मानव अधिकार शिक्षा कार्यक्रम, जिल्ला शिक्षा कार्यालयको सहयोग र समन्वयमा सुन्द्रावती, सुनखानी र सुस्पा क्षमावती गाविसमा प्रौढ साक्षरता कक्षा सञ्चालन, विद्यालय भर्ना अभियान, गाविस समेतको सहयोगमा २ वटा गाविसको गाउँ शिक्षा योजना तयारीमा सहजीकरणजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको थियो । संस्था स्थापनाको क्रममा नै सुन्द्रावती गाविस वडा नं २ मा चण्डीदेवी प्राथमिक विद्यालय स्थापना र वडा नं ६ मा गुराँसे प्रावि स्थापनामा सहयोगी भूमिका निर्वाह गरेको थियो । संस्थामा उपलब्ध आन्तरिक स्रोतबाट विद्यालय स्थापनार्थ सहयोग समेत उपलब्ध गराइएको थियो ।

अमेरिकी संस्था Open society foundationको आर्थिक सहयोग र एलायन्स फर सोसियल डायलगको प्राविधिक सहयोगमा दोलखा जिल्लाका ११ गाविसका द्वन्द्व लगायतका कारणबाट विद्यालय पहुँच बाहिर रहेका बालबालिकालाई विद्यालयमा फर्काउने कार्यमा यस संस्थाले सहजीकरण गरेको थियो । जसमा ३५४ जना बालिबालिकालाई विद्यालयको मूल प्रवाहमा ल्याउन सफल भएको थियो । जसबाट बालबालिकालाई आफ्नो शिक्षालाई निरन्तरता दिन हौसला तथा अवसर प्राप्त भएको थियो ।

त्यसै गरी जिल्ला विकास समिति/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत सञ्चालित सामाजिक परिचालन कार्यक्रम अन्तर्गत पनि शिक्षाको गुणस्तर सुधार गर्न शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नको लागि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र मार्फत अभियान जारी रहेको छ । हाल स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत सञ्चालित सामाजिक परिचालन कार्यक्रम १० वटा गाविसमा सञ्चालनमा रहेको छ ।

दोलखा जिल्लाको दक्षिणी भेगका ९ वटा गाविसमा विद्यालयमा सरसफाईको अवस्था सुधार गर्नको लागि कन्सर्न वर्ल्ड वाइडको आर्थिक सहयोगमा यस संस्थाबाट विद्यालय सरसफाई कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रमले विद्यालयहरुको स्वास्थ्य तथा सरसफाइको अवस्थामा सुधार ल्याउनुका साथै गुणात्मक शिक्षाका लागि स्वास्थ्य तथा सरसफाइको अपरिहार्यतामा जोड दिएको छ ।

### ३. संस्कृति संरक्षण

यस संस्थाले संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । संस्कृति संरक्षणको लागि देउसी भैलो खेली तिहार विशेष कार्यक्रम सञ्चालन गर्ने तथा आर्थिक स्रोत सङ्कलन गरी संस्कृतिको संरक्षण गर्ने, धार्मिक मठ मन्दिरको संरक्षण, सामाजिक रुपमा दुर्व्यसनको अन्त्यको लागि अभियान सञ्चालन, स्थानीय बाटा घाटाको नियमित मर्मत सम्भार गरी सामुदायिक काममा जनताको सहभागिता अनिवार्य भन्ने भावनाको विकास गराउनमा पनि यस संस्थाको पहल ज्यादै राम्रो रहेको छ । यसरी सांस्कृतिक संरक्षणमा पनि यस संस्थाको महत्वपूर्ण योगदान रहेको छ ।

### ४. सीपविकास, आय आर्जन र लघु उद्यम

समुदायका सदस्यहरुको आय आर्जनमा टेवा पुऱ्याउनु पर्दछ भन्ने मान्यताका साथ यस संस्थाले कृषि वन नर्सरी स्थापना, कुखुरा पालन, अदुवा बेसार खेती र हाते स्विटर बुनाई कार्यक्रम सञ्चालनमा यस संस्थाले आन्तरिक स्रोतबाट समुदायका सदस्यहरुलाई सहयोग गरेको थियो । जिविससँगको साझेदारीमा स्थानीय युवा साझेदारी कार्यक्रम अर्न्तगत युवा उद्यमीहरुको अवस्था पहिचान विषयक एक अध्ययन र सुन्द्रावती गाविसका २० जना युवा उद्यमीहरुको लागि उद्यमशिलता सम्बन्धी तालिम सञ्चालन गरेको थियो ।

२०७२ सालमा गएको विनाशकारीकारी भूकम्पको कारण क्षत विक्षत भएका लघु उद्यमीहरुलाई पुर्ववत अवस्थामा फर्काउनको लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको आर्थिक सहयोग र प्राविधिक सहयोगमा यस संस्थाले दोलखा जिल्लाका १२ गाविस र जिरी नगरपालिकामा शीघ्र लघु उद्यम पुनरोत्थान परियोजना सञ्चालन गरी ५२३ पुराना लघु उद्यमीहरुलाई पुनरोत्थान गर्नमा र २१५ जना नयाँ उद्यमीहरुलाई उद्यमी बनाउन सफल भएको छ । यस परियोजना अर्न्तगत मुख्य रुपमा मनोसामाजिक परामर्श, सिप विकास तालिम, उपयुक्त प्रविधि हस्तान्तरण, लघुवित्त समन्वय, बजारीकरण समन्वय सहयोग जस्ता क्रियाकलामा सहयोग गर्ने काम भएको थियो । छोटो अवधिमा गरिएको उक्त कार्यक्रमबाट लघु उद्यमीहरुको उत्साहमा कमि नआउनको लागि सहयोग पुगेको छ ।

त्यसैगरी न्यायिक संसारसँगको साझेदारीमा सुन्द्रावती गाविसमा कृषि क्षेत्रको व्यवसायीकरण गर्नको लागि कार्यक्रम सञ्चालन भइरहेको छ । जसको लागि आवश्यक तालिम, बजारीकरण सीप र प्रविधि सहयोग, प्रदशर्नी, अवलोकन भ्रमण उत्पादन बृद्धिको लागि मल बिउ सहयोग जस्ता कार्य गरी सुन्द्रावती गाविसलाई तरकारी उत्पादनको महत्वपूर्ण स्थान बनाउनको लागि प्रयासहरु भइरहेका छन् ।

## ५. सामाजिक परिचालन

आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तीकरणका माध्यमवाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियाको रुपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम जिल्ला विकास समिति मार्फत दोलखा जिल्लामा सञ्चालनमा रहेको छ । सोही कार्यक्रमको १० गाविसमा सामाजिक परिचालन गर्नको लागि यो संस्था स्थानीय सेवा प्रदायक संस्थाको रुपमा छनौट भएको छ । जसको लक्ष्य समूहका सदस्यहरु वीच आपसी सहयोग, सद्भाव, विश्वास, समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुऱ्याउने रहेको छ । सामाजिक परिचालनको उद्देश्यहरुमा सामाजिक सशक्तीकरण र सामाजिक रुपान्तरणको माध्यमवाट आम नागरिकको जीविकोपार्जनमा सुधार ल्याउने, सार्वजनिक क्षेत्रवाट प्रदान गरिने सार्वजनिक सेवा र सुविधालाई प्रभावकारी बनाई यस्ता सेवाहरुमा नागरिकको पहुंच सहज गराउने, नागरिक र नागरिक संस्थाहरुलाई आफ्नो अधिकार प्रतिको सचेतता, कर्तव्य र जिम्मेवारी प्रति जागरुक गराउने, नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासका लागि विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने, सामाजिक पुँजीको निर्माणवाट समुदायहरुलाई आफ्ना समस्याहरु समाधान गर्न सक्षम तुल्याउने, आपसी सद्भाव, मेलमिलाप र सहयोगवाट सामाजिक पुँजी निर्माण गरी सामाजिक सहिष्णुता वढाउनु र स्थानीय लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउने रहेको छ ।

सोही उद्देश्य प्राप्तीको लागि यस संस्थाबाट सबै गाविसमा वडा नागाीक मञ्च गठन, पुर्नगठन, नियमित बैठक सञ्चालन, नागरिक सचेतना केन्द्रको गठन , पुर्नगठन, र वैठक तथा रिफ्लेकट कक्षा सञ्चालन, बाल भेला, वाल क्लव गठन, पुर्नगठन र वाल संजाल गठन तथा वैठक, सहभागितात्मक योजना तर्जुमा कार्यान्वयन र अनुगमनमा सहजीकरण, वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका पदाधिकारीहरुको लागि काम कर्तव्यको बारेमा अभिमुखीकरण, नागरिक सचेतना केन्द्रमा जीविकोपार्जनका लागि व्यवसायिक योजना तयारी, नागरिक सचेतना केन्द्रमा साना पुर्वाधर योजना तयारी, र सञ्चालन, पाँच वर्ष मुनिका वालवालिकाको तथ्याङ्क सङ्कलन, भूकम्पको लगत संकलनमा सहभागी, वडा नागरिक मंञ्चको स्तरीकरण मापन, बैदेशिक रोजगार सम्बन्धी सचेतना कक्षा सञ्चालन जस्ता कियाकालाप सञ्चालनमा रहेका छन् ।

## ६. अस्थायी आवास निर्माण तथा सरसफाई

२०७२ सालमा गएको विनाशकारीकारी भूकम्पको कारण आवास गुमाएका भिनपा ७ का २५० परिवार र भिनपा ५ का १३ दलित परिवारलाई अस्थायी आवास निर्माण गर्न जापानिज जनताको सहयोगमा UNHabitat मार्फत CIUD को प्राविधिक सहयोगमा यस संस्थाले सामग्री तथा आंशिक ज्याला सहयोग गरेको थियो । सोही स्थानमा शौचालय निर्माणको लागि १६० परिवारलाई सामग्री सहयोग गरेको थियो । त्यसैगरी १००० व्यक्तिलाई सुरक्षित आवास निर्माण सम्बन्धी सचेतीकरण र वडा नं ६ मा नेपाल रेडकस सोसाइटी उपशाखा पिपलबोटसँगको साझेदारीमा एक सूचना केन्द्रको स्थापनामा समेत सहयोग
पुऱ्याएको थियो ।

## ७. खानेपानी, शौचालय मर्मत, पुनर्निर्माण तथा सरसफाइ प्रबर्द्धन कार्यक्रम

UN HABITAT को आर्थिक सहयोगमा यस संस्थाले सुन्द्रावती र लाँकुरीडाँडा गाविसमा भूकम्प पछाडि क्षतविक्षत भएका १३१३ शौचालय पुननिर्माणमा सहयोग गरी उक्त गाविसलाई खुला दिशामुक्त गाविसको अवस्थामा पुऱ्याउन सफल भएको छ ।

खानेपानी तथा सरसफाइको क्षेत्रमा यस संस्थाले Concern World Wide को आर्थिक सहयोगमा दोलखा जिल्लाका दक्षिणी भेगका ९ गाविसका २७ वटा विद्यालयमा खानेपानी तथा विद्यालय सरसफाइ कार्यक्रम सञ्चालन गरिरहेको छ । जस अन्तर्गत विद्यालयमा खानेपानी संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापना (हातधुने स्थान, इन्टेक, पाइप लाईन, पानीट्यांक),विद्यालयको शौचालय पुनर्निर्माण तथा पुनर्स्थापना र स्वच्छता प्रवर्द्धन क्रियाकलाप सञ्चाालन (स्वच्छता प्रवर्द्धन तालिम, सेनेटरी प्याड बिसर्जन गर्ने संरचना निर्माण, कक्षा कोठा र विद्यालय आसपासको फोहर व्यवस्थापन सम्बन्धी सामग्री वितरण) गरी विद्यालयको खानेपानी तथा सरसफाइको अवस्थालाई सुधार गरेर गुणात्मक शिक्षाका लागि सहयोग पुऱ्याएको छ ।

## ८. स्वास्थ्य क्षेत्रको कार्यक्रम

वर्ल्ड भिजन इन्टरनेसनलको आर्थिक तथा प्राविधिक सहयोगमा यस संस्थाले गैरीमुदी, हावा र श्यामा गाविसमा स्वास्थ्य पुनर्लाभ परियोजना सञ्चालन गरिरहेको छ । जसमा २५५ वटा महिला, किशोर किशोरी तथा वालमैत्री सचेतना सत्र सञ्चालन, १७९१ नयाँ घरधुरीका लागि घर देखि घर परामर्श सेवा, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका र परामर्शकहरुका लागि मनोसामाजिक परामर्श सेवा, प्रजनन् स्वास्थ्य, प्राथमिक उपचार र प्रकोप पूर्ब तयारी, मातृ शिशु तथा बाल्यकालीन पोषणका विषयमा ३ वटा गाविसमा तालिम, ३४५ जनालाई बेबी हाइजिन किड वितरण, २३५ जनालाई सुत्केरी सामग्री वितरण गरेको छ । त्यसैगरी गैरीमुदीमा दुई र श्यामामा एक गरी जम्मा ३ स्थानमाा महिला, किशोर किशोरी तथा बालबालिका (WAYCS) स्थल निर्माण अन्तिम चरणमा पुगेको छ । त्यसैगरी गैरीमुदी र श्यामामा एक एक वटा प्रिफ्याब मोडलका २ स्वास्थ्य चौकी निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

साझेदारी विकास कार्यक्रम अन्तर्गत सेप्टेम्बर १५ सम्ममा ९ स्थानमा जिल्ला स्वास्थ्य कार्यालय दोलखासँगको समन्वयमा घुम्ती स्वास्थ्य सेवा शिविर सञ्चालन भएका छन् भने २ गाविसमा पशु सेवा शिविर तथा ३ गाविसमा कृषि सेवा शिविर सञ्चालन गर्ने योजना रहेको छ । महिलाहरुको आङ खस्ने समस्या सम्बन्धी स्वास्थ्य शिविर ६ गाविसमा र आँखाको स्क्रिनिङ शिविर ३ गाविसमा सञ्चालन भएका हुन् । आँखा शिविर सञ्चालनका लागि तिलगंगा आँखा प्रतिष्ठान, दोलखा लायन्स आँखा केन्द्र दोलखाबाट प्राविधिक सहयोग भएको थियो । यी शिविरबाट ७४९ महिला र १६३ पुरुषहरु प्रत्यक्ष रुपले लाभान्वित भएका छन् । विभिन्न गाविसका आँखा शिविरबाट मोती विन्दुका लागि छनौट भएका विरामीहरुमध्ये ४४ जनाको दोलखा लायन्स आँखा केन्द दोलखामा तिलगङ्गा आँखा प्रतिष्ठानका डाक्टरबाट शल्यक्रिया समेत सम्पन्न भइ सकेको छ । शल्यक्रियाका लागि छनौट भएका आङ्ग खस्ने समस्या भएका महिलाहरुको शल्यक्रियाका लागि जिल्ला स्वास्थ्य कार्यालय दोलखासँग समन्वय भइरहेको छ ।

## ९. साझेदारी विकास पुनर्लाभ परियोजना

वडा नागरिक मञ्चबाट माग भएका,गाउँ एकीकृत योजना तर्जुमा समितिले प्राथमिकीकरण गरेका र गाउँ परिषद्ले पास गरेका भूकम्पसँग प्रत्यक्ष रुपले सम्बन्धित योजनाहरुमा प्रति गाविस ३ परियोजनका दरले कुल २५०००००। को पुननिर्माण योजनामा सहयोग गर्ने, स्थानीय निकायको क्षमता विकासमा १८ गाविसलाई सहयोग, इन्टिग्रेटेड मोबाइल सर्भिस क्याम्प जिल्ला तहमा १ पटक, सेक्टरल मोबाइल सर्भिस क्याम्प–गाविस तहमा १८ पटक, सरोकारवालाहरुको सामाजिक जवाफदेहिता अभिबृद्धि गर्न कार्यक्रम रहेका १८ गाविसमा गाउँ सुपरिवेक्षण तथा अनुगमन समितिका पदाधिकारी तथा सदस्यहरुलाई सामाजिक जवाफदेहिताका औजार विषयक २ दिनको तालिर्म, १७ गाविस र १ नगरपालिकाका १६२ वडा नागरिक मञ्चलाई योजना तर्जुमा तथा काम कर्तव्य र अधिकार सम्बन्धी १ दिने अभिमुखीकरण, गाविसमा सञ्चालित विकास तथा चेतनामूलक कार्यक्रमहरुको त्रैमासिक समीक्षा होस्, विकास साझेदारहरुका विचमा राम्रो समन्वय र सहकार्य बनोस् र दीगो विकासका लागि गाविसमा भइ रहेका विकास गतिविधिहरु वडा नागरिक मञ्च मार्फत आम जनसमुदाय समक्ष जानकारी होस् भन्ने उद्देश्यले गाविस तथा नगरपालिकाको चौमासिक समीक्षा कार्यक्रममा समेत सहयोग पुग्ने गरी १७ गाविस १ नपामा प्रत्येक ३/३ महिनामा साझेदारी चौतारी बैठक, साना स्तरका पूर्वाधार सञ्चालन गर्ने उपभोक्ता समिति (IPC) तथा अनुगमन तथा सुपरिवेक्षण समिति (PMC) लाई दुई दिने क्षमता विकास तालिम प्रदान गर्ने कार्यक्रम यस परियोजनाले समेटेको छ ।

स्थानीय तहमा सुशासनको प्रत्याभूति गराउने आम जन समुदायलाई आफ्नो विकासप्रति जिम्मेवार बनाउने एवं नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भई कार्यान्वयनमा रहेको स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को कार्यान्वयनमा थप सहयोग पुर्‍याउने एवं योजना छनौटका १४ चरण पूरा गरी विकासमा जनताको अपनत्व बढाउन सहयोग पुर्‍याउने लक्ष यस कार्यक्रमले लिएको छ ।

**१०. जेष्ठ नागरिक सम्मान**

यस संस्थाले संस्थाको आन्तरिक कोष र अन्य निकायसँगको समन्वयमा सुन्द्रावती र सुष्पा क्षमावती गाविसमा जेष्ठ नागरिक सम्मान कार्यक्रमको आयोजना गरेको थियो । गाउँ विकास समिति सुन्द्रावती र सुस्पा क्षमावति, महिला तथा बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय समेतको सहयोगमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । सुस्पा क्षमावती गाविसमा सोही अवसरमा जेष्ठ नागरिहरुको स्वास्थ्य परीक्षण र भिटामिन वितरण समेत गरिएको थियो ।

**११. संविधान सभा निर्वाचनको सन्दर्भमा सडक नाटक प्रस्तुति**

वर्ल्ड भ्युको आर्थिक सहयोगमा दिपज्योति समाज सुधार संघ सुन्द्रावतीले संविधान सभा निर्वाचनको संघारमा **छोड्नै नहुने मौका** शिर्षकको सडक नाटक प्रस्तुत गरेको थियो । दोलखा जिल्लाको अति व्यस्त र बजारीकरण भएका १२ स्थानमा सडक नाटक प्रस्तुत भएको हो । उक्त नाटक करिव २५०० मानिसले हेर्ने मौका पाएका थिए । यसले संविधान सभाको निर्वाचनलाई निष्पक्ष, प्रभावकारी र सबैको मत हाल्न पाउने वातावरण सिर्जना गर्न र संविधान सभाको महत्वको बारेमा आम समुदायलाई सुसूचित गर्न सहयोग पुऱ्याएको थियो ।

**१२. संस्गथागत क्षमता विकास**

संस्थाको संस्थागत क्षमता विकासका लागि साझेदारी विकास कार्यक्रम अन्तर्गत सामूहिक अभियान नामक संस्था मार्फत संस्थागत क्षमता सर्भेक्षण गर्न सहयोग भएको छ भने संस्थाको क्षमता विकासका लागि सञ्चालन भएका ३ वटा तालिममा संस्थाका पदाधिकारी तथा सदस्यहरु सहभागी भई संस्थाको वित्त व्यवस्थापन, नीति निर्माण र त्यसको कार्यान्वयन एवं संस्थागत क्षमता विकासका क्षेत्रमा उल्लेख्य सहयोग प्राप्त भएको छ । संस्थामा पारदर्शिता आर्थिक अनुसान कायम गर्नको लागि लेखा समिति, अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिएको छ । त्यसैगरी विभिन्न सदस्यहरुलाई विभिन्न जिम्मेवारी बाड्दै आइरहेको छ । संस्थालाई विधि सम्मत रुपमा सञ्चालन गर्नको लागि आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियावली, सञ्चार तथा सूचना व्यवस्थापन नियमावली, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन गरिएको छ । त्यसैगरी संस्थाका पदाधिकारी सदस्य, कर्मचारी तथा स्वयमसेवकहरुको लागि आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

संस्थाको भौतिक पूर्वाधार निर्माणको लागि विभिन्न दाताहरुबाट संस्थाको नाममा जग्गा प्राप्त भएको छ भने निकट भविष्यमा संस्थाको भवन बनाउने तयारी रहेको छ । संस्था संस्थाको लागि आवश्यक फर्निचर र अन्य पूर्वाधारको विकास गराउन सफल रहेको छ ।

## १३. युवा सशक्तिकरण

जिल्ला खेलकुद विकास समिति र जिल्ला विकास समितिसँगको सहकार्य विभिन्न आर्थिक वर्षमा युवाको उद्यमशिलता विकास तालिम सञ्चालन, युवा उद्यमीहरुको अवस्था विश्लेषण र सुन्द्रावती गाविसका २६ जना युवा विद्यार्थीका लागि तीन महिने कम्प्युटर आधारभूत तालिम सञ्चालन समेत गरिएको थियो ।

## १४. संस्थाका सवल पक्षहरु

- कुशल नेतृत्व
- काम प्रति प्रतिवद्ध कर्मचारी
- स्थानीय समुदायको अधिकतम सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया
- दुइ पक्षीय तथा बहु पक्षीय समन्वयमा जोड
- पारदर्शिता तथा सुशासनमा जोड
- संस्थाको नाममा एक रोपनी भन्दा बढी जग्गा रहनु
- स्थानीय समुदायको निरन्तर साथ र सहयोग रहनु
- सरकारी कार्यालय, स्थानीय निकाय र दातृ निकायको सहयोग र विश्वास प्राप्त
-

# स्वास्थ्य पुनर्लाभ परियोजना

साझेदार संस्था : वर्ल्ड भिजन ईन्टरनेशनल, नेपाल

जम्मा बजेट : रु. ३०,७०५,७००।

आषाढ मसान्तसम्म खर्च भएको रु. ५,७८३,६१२।

आश्विनमसान्त सम्मको खर्च रु. १४,५३६,७७८।

परियोजना सञ्चालित गाविसहरु : गैरिमुदि, हाँवा र श्यामा

सेप्टेबर महिनासम्म सम्पन्न परियोजनाका कियाकलापहरु

**१. WAYCS (महिला, किशोर किशोरी तथाबालमैत्री स्थल)सेसन**

- जम्मा सम्पन्न : ३१५ वटा कार्यक्रम
- प्रतिगा.वि.स : १०५ वटा कार्यक्रम
- जम्मालाभान्वित संख्या ११५०० जना

**२. स्वास्थ्यकर्मीका लागि तालिम**

- जम्मा सम्पन्न तालिम : ४ वटा
- लाभान्वित संख्या ३७० जना

**तालिमहरु**

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बनिध २ दिने तालिम
- आमा तथा बाल्यकालीन पोषण सम्बन्धी ४ दिने तालिम
- प्राथमिक उपचार तथा जोखिमको तयारी सम्बन्धी ४ दिने तालिम
- आपत् कालिन अवस्थामा प्रजनन् स्वास्थ्य सम्बन्धी २ दिने तालिम

**३. आमा समूहको लागि तालिम**

- जम्मा सम्पन्न तालिम : ३ वटा (हरेक वडामा संचाल नभएको)
- लाभान्वित संख्याः ४३५५जना

**तालिमहरु**

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी १ दिने तालिम
- आमा तथा बाल्यकालीन पोषण सम्बन्धी १ दिने तालिम
- आपत् कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सम्बन्धी १ दिने तालिम

## ४. परामर्श तालिम

घरदेखि घर परामर्श कार्यक्रम अन्तरर्गतका परामर्शकर्ताहरुलाई तालिम

- तालिम दिइएको स्थान : चरिकोट
- जम्मा तालिम पाउने परामर्शकर्ता : १४ जना
- तालिमको अवधिः २ दिन
- पुनर्ताजगी तालिम : परामर्शकर्ताका लागि १ दिने परामर्श

## ५. सूचना तथा प्रेरणा आदानप्रदान कार्यशाला गोष्ठी

- लाभान्वित संख्याः २९०जना
- ७ पटक गोष्ठी सम्पन्न भएको (फेब्रुअरी देखि अप्रिलसम्म)
- महिला स्वास्थ्य स्वंयम सेविकाका मासिक बैठकमा खाजा सहयोग गरिएको
- मासिक स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको बैठकमा खाजा सहयोग भएको

## ६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका लागि तालिम

- लाभान्वित संख्याः ८३जना
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यहरुका लागि २ दिने व्यवस्थापन तालिम
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यहरुका लागि १ दिने व्यवस्थापन पुनर्ताजगी तालिम

## ७. बेबी हाईजिन किड वितरण

- जम्मा बितरण भएको संख्या : ३६० वटा
- श्यामा गा.वि.स : ८७
- हाँवा गा.वि.स : ६९
- गैरिमुदी गा.वि.स : २०३

## ८. सुत्केरी सामाग्री बितरण

- जम्मा बितरण भएको संख्या : २३५
- श्यामा गा.वि.स : ६०
- हाँवा गा.वि.स : ५५
- गैरिमुदी गा.वि.स : १२०
-

**९. विद्यालय करेसाबारी कार्यक्रम**

- लाभान्वित संख्याः ५७ जना
- श्यामा गाविसको गर्जाङढुङ्गा मावि र र हाँवा गाविसको कालिका माविमा करेसाबारी स्थापना
- विद्यालय व्यवस्थापन समितिका सदस्यहरुका लागि करेसाबारी तथा पोषण सम्बन्धी तालिम सम्पन्न

**१०. घर देखि घर परामर्श कार्यक्रम**

लाभान्वित संख्या १६०००जना

- १४ जना परामर्शकर्ताहरुबाट ७ महिना सम्म घर घरमा पुगेर परामर्श सेवा दिइएको

**११. अनुगमन तथा मूल्याङ्कन**

- जिल्ला स्वास्थ्य कार्यालय तथा जिल्ला विकास समितिबाट कार्यक्रमको निरीक्षण

**१२. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय अभियान**

- पूर्ण खोप गाविस तथा जिल्ला घोषणमा आर्थिक सहयोग
- विश्व स्तनपान सप्ताह मनाउन जिल्ला स्वास्थ्य  कार्यालयलाई सहयोग

**१३. मेडिया क्याम्पेन (संचार अभियान)**

- जापानिज ईन्सेफलाईटिज सम्बन्धि जानकारी रेडियोमा प्रसारित( रेडियो शैलुङ्ग, रेडियो भिमेश्वर, हाम्रो रेडियो र रेडियो कालिञ्चोक।

१४ प्रिफयाब मोडलका २ स्वास्थ्य चौकी निर्माण अन्तिम चरणमा (एक गैरीमुदी र  एक श्यामा गासिमा )

१५ ३ वटा WAYCS House निर्माण  अन्तिम चरणमा (दुई गैरीमुदी र एक श्यामा गाविसमा)

## साझेदारी विकास परियोजना

साझेदार संस्था : USAID/साझेदारी विकास परियोजना

जम्मा बजेट : रु. १,५४,०१,०५२।-

हालसम्म  खर्च भएको रु. ५,७८३,६१२।

**परियोजना सञ्चालित गाविसहरु :** सुन्द्रावती, सुनखानी, लापिलाङ, लामिडाँडा, बाबरे, कालिञ्चोक, खोपाचागू, विगु, आलम्पु, चिलङ्खा, खारे, मार्बु, चङ्खु, सुरी, झ्याँकु,  नाम्दु, श्यामा गाविस र जिरी नगरपालिका ।

**अवधि** : 24 Februari 2016 – 23 Februari  2017

## परियोजनाको जम्मा लक्ष्य र सेप्टेबर १५ सम्म सम्पन्न क्रियाकलापहरु

| क्र. सं. | क्रियाकलाप विवरण | लक्ष | सम्पन्न संख्या | सम्पन्न कार्यक्रमको लाभान्वित संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा | |
| 1 | संस्थाका पदाधिकारी तथा कर्मचारीका लागि कार्यक्रमका बारेमा अभिमुखीकरण | 1 | 1 | 9 | 15 | 24 | |
| 2 | जिल्ला तहको समन्वयात्मक बैठक | 1 | 1 | 37 | 1 | 38 | |
| 3 | गाविस तहको समन्वयात्मक बैठक | 18 | 18 | 487 | 262 | 749 | |
| 4 | वडा नागरिक मञ्चलाई १ दिने अभिमुखीकरण | 162 | 161 | 1974 | 1978 | 3952 | |
| 5 | महिलाहरुको पाठेघर स्किनिङ निशुल्क स्वास्थ्य शिविर | 7 | 6 | 0 | 505 | 505 | |
| | निशुल्क आँखा शिविर | 6 | 3 | 163 | 244 | 407 | |
| | निशुल्क पसु सेवा शिविर | 2 | | | | | ;~rfng xg afFL |
| | निशुल्क कृषि सेवा शिविर (माटो परीक्षण) | 3 | | | | | |
| 6 | कर्मचारीहरुको द्वैमासिक बैठक | 6 | 3 | 4 | 14 | 18 | |
| 7 | साझेदारी चौतारी बैठक | 52 | 35 | 632 | 449 | 1081 | |
| 8 | सामाजिक जवाफदेहिताका औजार विषयमा गाउँ सुपरिवेक्षण तथा अनुगमन समितिलाई २ दिने तालिम | 18 | 8 | 103 | 92 | 195 | |
| 9 | भूकम्प राहत समिति, स्थानीय विपद् व्यवस्थापन समितिका लागि भूकम्प जोखिम न्यूनीकरण योजना तथा जवाफदेहिता विषयक ३ दिने तालिम | 3 | 3 | 44 | 33 | 77 | |
| 10 | साना स्तरका पूर्वाधार पुनर्निर्माण योजना छनौट तथा साझेदारी विकास परियोजनामा सिफारिस | 54 | 54 | | | | Pslg xg afFL |
| | साना स्तरका पूर्वाधार पुनर्निर्माण योजनाको प्राविधिक सर्भेक्षण | 54 | 6 | | | | Pslg xg afFL |
| 11 | साना पूर्वाधार योजना उपभोक्ता समिति र अनुगमन समितिलाई २ दिनको तालिम | 54 | 0 | | | | ;~rfng xg afFL |
| 12 | सिकाइ आदान प्रदान कार्यक्रम जिल्ला तह | 1 | | | | | |
| 13 | सिकाइ आदान प्रदान कार्यक्रम गाविस/नपा तह | 18 | | | | | |
| 14 | संयुक्त अनुगमन | 1 | | | | | |
| 15 | एकीकृत घुम्ती सेवा शिविर जिल्ला तह | 1 | | | | | |
| 16 | साना पूर्वाधार परियोजनाको सार्वजनिक परीक्षण | 54 | | | | | |
| 17 | जिल्ला दैवी प्रकोप राहत समितिको बैठक सहयोग | 1 | | | | | |
| 18 | जिल्ल दैवी प्रकोप राहत समितिको क्षमता विकास कार्यक्रम | 1 | | | | | |
| | जम्मा | 518 | 299 | 3453 | 3593 | 7046 | |

# विद्यालयमा खानेपानी तथा स्वच्छता प्रवर्दन कार्यक्रम

**परियोजनाको नाम :** खानेपानी तथा स्वच्छता प्रवर्दन कार्यक्रम

**दातृ निकाय :** कर्न्सन वर्ल्ड वाइड ,नेपाल

**विषयगत** क्षेत्र : खानेपानी तथा शौचालय मर्मत तथा पुर्ननिर्माण

**कार्यक्षेत्र :** ९ वटा गाविस (भिरकोट, जफे,मालु, मेलुङ्ग,हावा, च्यामा, गैरीमुदी,मिर्गे, झुले) का २७ वटा विद्यालय

विद्यालयको नाम :

प्रमुख कियाकलाप :

- खानेपानी मर्मत तथा पुर्ननिर्माण
- शौचालय मर्मत तथा पुर्ननिर्माण
- स्वास्थ्य प्रवर्धन तालिम

**मुख्य उपलब्धिहरु**

- शौचालय निर्माण – १०
- शौचालय पुनर्निमाण – २१
- ईन्टेक निर्माण–११
- ईन्टेक पुनर्निर्माण – ५
- खानेपानी टयाङ्की– २३
- फोहोर व्यवस्थापन केन्द्र– १९

**अवधि :** 1April-31Sep 2016

**प्रस्तावित बजेट :** ९३,७४,९१५.००

**खर्च भएको बजेट** : ६६,२३,७२९.४८ (सेप्टेम्बर २०१६ सम्म)

**लाभान्वित वर्ग संख्या तथा समुदाय :** ५९७३ जसमा छात्र २५६४ छात्रा ३१७१ कर्मचारी ३३७

# अस्थाइ आवास निर्माण कार्यक्रम

परियोजनाको नाम : अस्थायी आवास निर्माण कार्यक्रम

दातृ निकाय : UN habitat / CIUD

विषयगत क्षेत्र : अस्थायी आवास निर्माण

कार्यक्षेत्र : भिनपा ७ र ५

प्रमुख कियाकलाप :

- अस्थायी आवास बनाउन प्रती आवासलाई दुई बण्डल जस्तापाता, Ridge Sheet, किला काँटी, GI Wire, अन्य सामाग्री र दक्ष कामदारलाई ४ दिनको ज्याला सहयोग गरिएको
- खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सूचना र जनचेतना फैलाउने तथा चर्पी बनाउन प्राविधिक आर्थिक सहयोग प्रदान
- थप १००० परिवारलाई आवास निर्माणमा प्राविधिक परामर्श सहयोग
- नेपाल रेडकस सोसाइटी उपशाखा सँगको समन्वयमा भिमेश्वर ६ पिपलबोटमा १ सामुदायिक सूचना केन्द्र निर्माण गरिएको

**मुख्य उपलब्धि:**

- भिमेश्वर ७ जिलुमा २५० र वडा नं. ५ मा १८ अस्थायी भूकम्प प्रतिरोधी अस्थायी आवास निर्माण गरी २६८ परिवारले आश्रय लिएको ।
- भिमेश्वर ६ पिपलबोटमा १ नेपाल रेडकस सोसाइटी उपशाखासँगको समन्वयमा सामुदायिक सूचना केन्द्र निर्माण भई सञ्चालनमा रहेको
- भिनपा ७ का १६० घर परिवारलाई अति आवश्यक प्यान,पाईप, सिमेन्ट उपलव्ध गराई भिमेश्वर वडा नं. ७ जिलु खुला दिसामुक्त अवस्थामा पुगेको ।
- स्वास्थ्य तथा सरसफाइ व्यवहारमा परिवर्तन ल्याउन चेतनामूलक कार्यक्रम सञ्चालन भएको ।
- १००० घरपरिवारलाई भूकम्प प्रतिरोधी घर निर्माण गर्न प्राविधिक सहयोग भएको

**अवधि :** १५ जुन २०१५ देखि ३१ डिसेम्वर २०१५ सम्म

**प्रस्तावित बजेट :** ७४ लाख असी हजार रुपैया

**खर्च भएको बजेट :** ७४ लाख बयासी हजार रुपैया

**लाभान्वित वर्ग संख्या तथा समुदाय :** २६८ परिवारले अस्थायी आवास उपभोग गर्न पाएको १००० जनाले सुरक्षित आवास सम्बन्धी जानकारी प्राप्त गरेका

# सामाजिक परिचालन कार्यक्रम

**परियोजनाको नाम** : सामाजिक परिचालन

**दातृ निकाय** : जिविस/संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थनीय शासन तथा सामुदायिक विकास कार्यक्रम

**विषयगत क्षेत्र** : सामाजिक परिचालन

**कार्यक्षेत्र** : १० गाविस ( लाँकुरीडाँडा, मागापौवा, भुसाफेदा, काटाकुटी, सुस्पा क्षमावती, सुन्द्रावती, सुनखानी, बोच, लापिलाङ, लामिडाँडा) प्रमुख कियाकलाप :

- वडा नागाीक मञ्च गठन, पुनरगठन, नियमित बैठक सञ्चालन,
- नागरिक सचेतना केन्द्रको गठन , पुर्नगठन, र बैठक तथा रिफ्लेक्ट कक्षा सञ्चालन,
- बाल भेला, वाल क्लव गठन, पुर्नरगठन र वाल संजाल गठन तथा बैठक,
- सहभागितात्मक योजना तर्जुमा कार्यान्वयन र अनुगमनमा सहजीकरण,
- वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका पदाधिकारीहरुको लागि काम कर्तव्यको बारेमा अभिमुखीकरण,
- नागरिक सचेतना केन्द्रमा जिविको पार्जनका लागि व्यवशायिक योजना तयारी ,
- नागरिक सचेतना केन्द्रमा साना पुर्वाधर योजना तयार, र सञ्चालन,
- पाँच वर्ष मुनिका वालवालिकाको तथ्याङ्क संकलन,
- भूकम्पको लगत संकलनमा सहभागी, वडा नागरिक मंञ्चको स्तरीकरण मापन,
- बैदेशिक रोजगार सम्बन्धि सचेतना कक्षा सञ्चालन आदि

**मुख्य उपलब्धीहरु**

- सहभागितात्मक योजना तर्जुमा प्रकृयाबाट वडा नागरिक मञ्चको संस्थाागत विकास
- वडा नागरिक मञ्चबाट स्थानीय विकासको जिममेवारी बोध
- नागरिक सचेतना केन्द्रमा आय आर्जनको अवसर
- सामुदायिक पुर्वाधारको निर्माण र त्यसको प्रयोगमा सुधार
- समुदायका सदस्यहरु सेवा प्रदायक निकाय सम्म पुग्न सफल

**अवधि** : २०७२ कार्तिक देखि २०७४ असार मसान्त सम्म

**प्रस्तावित बजेट** : तीन लाख रुपैया

**खर्च भएको बजेट** : तीन लाख रुपैया

**लाभान्वित वर्ग तथा समुदाय** : १० गाविसका आम समुदाय

# भूकम्प पीडितहरुका लागि शौचालय पुननिर्माण परियोजना

**परियोजनाको नाम** : भूकम्प पिडितहरुका लागि शौचालय पुनर्निर्माण परियोजना

**दातृ निकाय** : UN habitat

**विषयगत क्षेत्र** : शौचालय पुननिर्माण

**कार्यक्षेत्र** : सुन्द्रावती र लाँकुरीडाँडा गाविस

**प्रमुख कियाकलाप :**

- प्रत्येक घरमा शौचालय निर्माणका लागि प्यान, सिमेन्ट वितरण
- सामाजिक परिचालक मार्फत  शौचालय निर्माणको प्राविधिक सहयोग
- ७५० परिवारका लागि सरसफाइ तथा हाइजिन किड सहयोग

**मुख्य उपलब्धि :**

- सुन्द्रावती र लाँकुरीडाँडा गाविसमा भुकम्प पछि भत्किएका शौचालयहरुको पुनः निर्माण भई यी दुई गाविस खुल्ला दिसा मुक्तको अवस्थामा पुगेको ।
- दुई गाविसका ७५० घरधुरीले स्वास्थ्य तथा सरसफाइ सामग्रीहरु प्राप्त गरेका ।

**अवधि** : १ सेप्टेम्बर २०१५ देखि ३० नोभेम्बर  २०१५ सम्म

**कुल बजेट** : रु. ३२८०४८४।१७

**खर्च भएको बजेट** : रु. ३२८५४४१।-

**लाभान्वित वर्ग संख्या तथा समुदाय :**

**परियोजनाको नाम** : पढ्ने अवसर गुमाएका बालबालिकाको लागि पुन भर्ना तथा निरन्तर सहयोग कार्यक्रम

- परियोजना अवधिः जनवरी २००९ देखि डिसेम्बर २०११
- कार्यक्रम लागु भएका गाविसहरु :
  सुष्पा क्षमावती, सुन्द्रावती, सुनखानी, लापिलाङ्ग, लामिडाँडा, बाबरे, कालिञ्चोक, खोपाचागु, बिगु आलम्पु र चिलंखा गाविस
- कार्यक्रमबाट लाभान्वित विद्यालय संख्या : २० वटा

- ३५४ जना विद्यार्थी पुन भर्ना गराउन सफल भएको
- विगत वर्ष १९ विद्यालयमा सहयोगी कक्षा सञ्चालन भएको
- १९ वटा विद्यालयमा वर्षको दुई पटक अतिरिक्त क्रियाकलाप सञ्चालन भई ४२१ विद्यार्थी सहभागी भएको
- १८० जना विद्यार्थीलाई रु  २००० का दरले र ३२ जनालाई रु १००० का दरले छात्रवृति उपलब्ध गराएको
- २०८ जना विद्यार्थीलाई झोला वितरण गरिएको
- भर्ना भएका मध्ये केहीले एसएलसी उतिर्ण गरी उच्च शिक्षा हासिल गरी रहेका

# शिघ्र उद्यम पुनरोत्थान परियोजना (RELRP)

**परियोजनाको संक्षिप्त परिचय**

| | |
|---|---|
| परियोजनाको नाम | : शिघ्र उद्यम पुनरोत्थान परियोजना (Rapid enterprise and livelihood recovery project) |
| कार्यक्षेत्र | : जिरी नगरपालिका र नाम्दु, काब्रे, क्षत्रपा, मिर्गे, श्यामा, हावा, च्यामा, मालु, शहरे, झुले गाविसहरु |
| परियोजना समय अवधि | : सेप्टेम्बर २०१५ देखि जुन २०१६ सम्म |
| लाभान्वित घरधुरी | : ७३८ |
| साझेदार (दातृ) निकाय | : संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP/RELRP) |
| कूल बजेट | : २०१६२,१४७.२० |
| कूल खर्च | : २१३५४००७.८१ |
| जनशक्ति परिचालन | : १५ जना |

**परियोजनाका उद्देश्यहरु**

- लघु उद्यम विकास कार्यक्रम र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले प्रवर्धन गरेका भूकम्प प्रभावित लघु उद्यमीहरुलाई आफ्नो व्यवशाय पुनः सञ्चालन गरी जीविका पुनर्स्थापना गर्नका लागि तत्काल सहयोग प्रदान गर्ने ।
- भूकम्प प्रभावित मानिसहरुलाई नयाँ लघु-उद्यम स्थापना गर्न सहयोग गरेर सामाजिक सद्भाव र स्थानीय आर्थिक समृद्धिलाई प्रवर्धन गर्ने

## सञ्चालित त्रियाकलापहरु

**पुनरोत्थान तर्फ (५७९ जना उद्यमीका लागि)**

१. मनोसामाजिक परामर्श
२. सिप विकास तालिम
३. उपयुक्त प्रविधि हस्तान्तरण
४. लघुवित्त समन्वय
५. बजारीकरण समन्वय सहयोग

**नयाँ उद्यमी सृजना तर्फ** (**२१५ जना उद्यमीका लागि**)

१. सहभागितामूलक ग्रामिण लेखाजोखा (PRA)
२. व्यशाय सचेतना तथा शुरु तालिम/लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम
३. समूह गठन तथा परिचालन
४. मनोसामाजिक परामर्श
५. सीप विकास तालिम
६. उपयुक्त प्रविधि हस्तान्तरण
७. लघुवित्त समन्वय
८. बजारीकरण समन्वय सहयोग

**लक्ष्य तथा प्रगति** (**पुनरोत्थान तर्फ**)

| क्र.सं | क्रियाकलाप | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा |
|---|---|---|---|---|
| १ | मनोसमाजिक परामर्श | ५७९ | ४१९ | ७२ |
| २ | सिप विकास तालिम | २८७ | २७४ | ९५ |
| ३ | उपयुक्त प्रविधि हस्तान्तरण | ३४२ | ४३३ | १२७ |
| ४ | लघुवित्तमा पहुँच | २०९ | २७६ | १३२ |
| ५ | बजारीकरण | ३६३ | १२० | ३३ |

## लक्ष्य तथा प्रगति नयाँ उद्यमी सृजना तर्फ

| क्र.सं | क्रियाकलाप | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा |
|---|---|---|---|---|
| १ | घरधुरी सर्वेक्षण तथा सहभागीतामुलक ग्रामीण लेखाजोखा | २७५ | २६६ | ९७ % |
| २ | व्यवसाय सचेतना तथा सुरु तालिम | १९१ | २०४ | १०७ % |
| ३ | समुह गठन तथा परिचालन | ३१ | २२ | ७१ % |
| ४ | मनोसमाजिक परामर्श | ११६ | ७८ | ६७ % |
| ५ | सिप विकास तालिम | १७८ | १५६ | ८८ % |
| ६ | उपयुक्त प्रविधि हस्तान्तरण | १७० | १४६ | ८६ % |
| ७ | लघुवित्तमा पहुँच | १४० | १७६ | १२६ % |
| ८ | बजारीकरण | ७९ | २० | २५ % |

**उपलब्धिहरु**

- भूकम्प प्रभावित ५२३ जना पुराना उद्यमीहरुलाई उद्यम पुनरोत्थानमा सहयोग गरी उद्यम सञ्चालनमा आएको ।
- २१५ जना विभिन्न प्रकृर्तिका नयाँ उद्यमी सृजना गरी स्थानीय स्तरमा आयआर्जनको अवशर सृजना गरिएको ।

# मेरा दृष्टिमा दीपज्योति

रामप्रसाद मैनाली
सभापति
नेपाली काङ्ग्रेस
गाउँ पार्टी कमिटी सुन्द्रावती

समाज परिवर्तनशील छ । विभिन्न समयमा भएका परिवर्तनका साथसाथै २०४६ सालको जन आन्दोलन र त्यसबाट पुनर्स्थापित प्रजातन्त्र पश्चात मुलुकभर उल्लेख्य मात्रामा गैर सरकारी संस्थाहरुको खुल्न थाले । यसै क्रममा वि.सं. २०५१ मा सुन्द्रावती गाविस वडा नं. १ मा नाम्थाजोर समाज कल्याण संघको सुरुवात भयो । वि.सं. २०५२ मा सुन्द्रावती गाविस वडा नं. २ का सक्रिय युवाहरुको पहलमा सुन्द्रावती गाविस वडा नं. २ मा केन्द्रीय कार्यालय रहने गरी दीपज्योति समाज सुधार संघ समाज परिवर्तनको मुख्य उद्देश्य लिएर स्थापना भएको कुरा मेरो सम्झनामा ताजै छ ।

हाल यस दीपज्योति समाज सुधार संघले स्थापनाको विस वर्ष विभिन्न आरोह र अवरोहका विच सम्पन्न गरिकेछ । सामाजिक कुसंस्कार, कुरीति, वातावरणीय ह्रास आदिको विरुद्धमा जुट्दै अगाडि बढेको यस संस्थाले सुन्द्रावती गाविसका आम जनमानसमा समाजसेवाको भावना विकास गराउन सहयोग गरेको कुरा मलाई सदैव सम्झन मन लाग्छ । सीपमूलक तालिम, आय आर्जनका लागि हाते स्विटर बुनाइ, अदुवा तथा बेसार खेती गर्न आवश्यक व्यवस्था मिलाएर यस संस्थाले स्थापनाको सूरुतिरै समाज परिवर्तन र समाज विकासका लागि कार्य थालेको थियो । स्थानीय स्रोत साधनको पहिचान तथा परिचालन एवं स्वयंसेवक मार्फत विद्यालयहरु स्थापनामा सहयोग, वन विकासका गतितिधि एवं बाटोघाटो कुलो कुलेसा मर्मतका लागि यस संस्थाले आफ्नो वडामा अग्रसरता लिएको थाहा पाउँदा एक राजनीतिकर्मी र समाजसेवीका नाताले मलाई पनि यी गतिविधिमा जनतालाई एकताबद्ध गरेर अगाडि बढ्न मन लाग्थ्यो । संस्थाले पछिल्ला दिनमा सुन्द्रावती गाविसलाई बालमैत्री गाविस वनाउने अभियानमा गाविससँग सहकार्य गरेको, त्यसका लागि आवश्यक योजना तयार पारी पेस गरेको तथा अनुकुल वातावरण निर्माणमा सबैसँग हातेमालो गरेर अगाडि बढेको थियो । समाजबाट गरिबीलाई हटाउन सहयोग गर्ने तथा जन समुदायलाई आत्मनिर्भर बन्न प्रेरित गर्दै यस संस्थाले विभिन्न संस्थासँगको समन्वय तथा सहकार्यमा गाविसभित्र चेतना विस्तारका साथै पूर्वाधार विकासमा समेत सहयोग पुऱ्याउँदै आएको छ । भूकम्पपछि पीडामा परेका जनसमुदायलाई स्वास्थ्य तथा सरसफाइका क्षेत्रमा टेवा पुगोस् भनेर यस संस्थाले शौचालय पुनर्निर्माणमा सहयोग पुऱ्याएर गाविसलाई सहयोग पुऱ्याएको छ । हाल साझेदारी विकास कार्यक्रम मार्फत विभिन्न प्रकारका क्षमता विकासका तालिमहरु सञ्चालन गर्दै भूकम्पले क्षति गरेका सार्वजनिक संरचनाहरुको पुननिर्माणका लागि यस गाविसमा रु.२५ लाख बराबरको पुनर्निर्माण योजना अगाडि बढाएको कुरा विभिन्न कार्यक्रममा सहभागी हुँदा मैले जानकारी पाएको छु । विभिन्न परियोजनाहरुमा सुन्द्रावती गाविसका सक्षम युवा युवतीलाई रोजगारी समेतको अवसर प्रदान गरेर संस्थाले बेरोजगारीको मारमा परेका युवा वर्गलाई समाजसेवाको पवित्र भावनामा सूत्रबद्ध गरेर सहयोग पुऱ्याएको छ ।

आगामी दिनमा आवश्यकताका आधारमाा योजना छनौट गर्न तथा विकासमा सबैलाई अवसर दिने काममा संस्थाले सबैको मन जित्न जरुरी देखेको छु । संस्थामा गाविसका सबैको प्रतिनिधित्व होस् र यसले सबैलाई विकास र परिवर्तनका लागि सँगसँगै अगाडि बढाउन सकोस् भन्ने मेरो शुभकामना रहेको छ ।

# मेरो दृष्टिमा दीपज्योति

**राजु थामी**
खोपाचागु ५, दोलखा

दोलखा जिल्लाको उत्तरी दुर्गम भेगमा पर्ने थामि जातिको बाहुल्यता रहेको बस्तीमा एउटा सानो गाउँ रहेको छ । जसको नाम खोपा गाउँ रहेको छ । सोही गाउँको नामबाट नै सो गाविसको नाम खोपाचागु रहन गएको छ । त्यही गाउँको सामान्य परिवारमा जन्मी हुर्की बढेकोले घर परिवारमा खान लाउन पनि धौ धौ हुने गरेको अवस्था रहेको थियो । त्यसैले मैले गाउँको सरकारी विद्यालयमा अध्ययन गरिरहेको थिएँ । सो समयमा नेपाल सरकार तत्कालीन नेकपा माओवादी बीच भएको सशस्त्र द्वन्द्वको कारण गाउँका युवाहरु त्रसित हुन पुगे । आफ्नो छोरालाई पढाएर ठुलो मानिस बनाउने आमा बुवाको सोच र सपना सबै द्वन्द्वको कारण चकनाचुर भयो । सोही अनुसार परदेशी हुन बाध्य भएको थिएँ । नेपालमा शान्ति सम्झौता भएपछि फेरी गाउँ फर्कने आशा पलायो र गाउँ फर्किएँ । सो समयमा गाउँ घरमा घुमेर बस्ने र घाँस दाउरा गर्नु र अरुको मेलापर्म जानु बाहेक अरु कुनै काम थिएन । बिदेश जानको लागि पासपोर्ट समेत बनाएँ र बिदेश जाने सोच समेत गरेको थिएँ ।

अचानक सोही समयमा जिल्लाबाट केही सर र मेडाम गाउँमा आउनु भएको थाह पाएँ पढ्न नपाउनेलाई केही सहयोग गरिदिन्छ भन्ने हल्ला सुनें । म पनि त्यतैतिर गएँ परिचयको क्रममा दिपज्योति समाज सुधार संघको सर मेडाम आउनु भएको रहेछ । दिन भर उहाँहरुको कुरा सुने । म जस्ता धेरै साथीहरु विद्यालय जानका लागि तयार भए । तर मलाई अप्ठेरो लागेको थियो किनकी म अरु भन्दा उमेरले जेठो थिएँ । म भन्दा पछाडि पढेका भाईहरु पढाउने माष्टर थिए । त्यसैले मलाई पढ्न अप्ठेरो लागिरहेको थियो । त्यसको केहि समय पछि एक जना सरसँग भेट भेयो उहाँको नाम थियो नारायण सेढाई । उहाँले पढ्ने विषयमा मलाई धेरे कुरा सोध्नु भयो र भन्नु भयोकि **उमेरले पढ्न रोक्दैन पढ्ने मानिसलाइ लाज लाग्दैन** । मेरो दिमागमा त्यही कुरा गुञ्जिरह्यो । मलाई संस्थाबाट दिने स्विधा केही लिएको थिइन । संस्थाबाट पाउने सुविधा मेरो भाई ...लाई दिई उपनि विद्यालय जान थाल्यो । मलाई पनि विद्यालय जाउँ जाउँ लाग्न थाल्यो र म विद्यालय गएँ सबैले मेरो मुखमा हेर्छन केहि दिन मलाई अप्ठेरो लाग्यो अनि सम्झें **उमेरले पढ्न रोक्दैन पढ्ने मानिसलाइ लाज लाग्दैन** त्ससपछि त सामान्य लाग्न थाल्यो । मेहनतकासाथ अगाडि बढें एसएलसी पास गरेर आज म एक पशु चिकित्सक हुन सफल भएका छु । गाउँ घरमा धेरै इज्यत मान प्रतिष्ठा कमाएको छु विभिन्न सामाजिक संघ संस्थामा काम गर्ने मौका पाएको छु । मेरो आफ्नै एक भेटेरीनरी पसल छ । त्यसैको आम्दानीले मेरो परिवारको गुजारा चलाउन सजिलो भएको छ । जिन्दगीमा कोही कस्ैको उत्प्रेरणाबाट मानिसको जिन्दगीमा परिवर्तन आउन सक्छ भन्ने सुनेको थिएँ । तर मेरो जिन्दगीमा दीपज्योति समाज सुधार संघ र नारायण सरको उत्प्रेरणाबाट मैले मेरो जीवनमा केही परिवर्तन ल्याउन सफल भएको छु ।

अन्तमा दीपज्योति समाज सुधार संघले साच्चै नै मजस्तो धेरै द्वन्द्वपीडित भएका व्यक्तिहरुलाई मलम लगाउने काम मात्र नभएर जीवनमा नै दीप बाली अन्धकारबाट उज्यालोतर्फ लैजाने संस्थाप्रति मेरो हृदय देखि नै धन्यबाद दिन चाहन्छु ।

# दीप ज्योति बलिरहोस्

कार्तिक महिना अत्यन्त शुभ भो ०५१ सालको
यूवा महिला जो समग्र जनको आशाको किरण भो ।
टोल सुधारको उद्देश्य लिई यो ०५२ श्रावणको
गते ५ थियो शुभ बिहानीको तदर्थ भेला रह्यो ।

मस्यौदा समिति तयार हुनगो विधान निर्माणकन
२३ श्रावण हो ०५२ सालको दर्ता भो प्रशासन ।
समाज कल्याण र गै.स.स. महासंघ दर्ता भईकन
आर्थिक सामाजिक रुपान्तरणको उद्देश्य बोकीकन ।

नामाङ्कन भो दीपज्योति भनी समाजका बीचमा
समग्र समाज बदल्न भनी हरमुटु नगीचमा ।
सीप हो जगमा शिक्षा समेतको अत्यन्त समीपमा
रही कार्य अघी बढाई सब यी कार्यक्षेत्र भित्रमा ।

बनाई सीपका साथमा नगदे बाली विकास कन
विद्यालय साथ वन विकासमा सहभागी भैकन ।
देउसी भैलो साथै अनेक तरहका क्रियाकलाप गरिकन
चैत्र १५ गते ०५२ सालको प्रथमा अधिवेशन ।

शिक्षाको पहुँच नपुगी घरमा बसेका जनकन
सेवा र सुविधा पुऱ्याई सबैमा उपस्थित गराइकन ,।
शिक्षा नियमितता गराई तिनको जगेर्ना गर्नाकन
सरोकारवाला निकायहरुमा जानकारी गराईकन ।

वास्तवमा दीपभो समग्र विधाको वर्णन कसरी गरुं
द्वन्द्व कालमा अफ्ठेरोमा परी भयो बाँचौ या मरूँ ।
तापनि जनले पवित्र मनले सिञ्चन गर्दा भए
दिनहरु अत्यन्त पराकाष्टा व्यतित गरी बित्दैरहे ।

भूकम्प पछिका क्षणहरुमा सहजता प्रदान गरी
पिडितहरुका आँशु पुछिकन सदा अगाडी बढी ।
दातृ निकायका खोजी गरिकन पीडाहरु कम गरी
पिडत सबका घटाई पीडा ती श्रोत व्यवस्था गरी ।

रोजगारी समेत सृजना गरी आर्थिक विकासमा पनि
आफ्नो नामामा जग्गा प्राप्त गरेर स्थापित हुँने अनि ।
जन्म थलो हो त्यो जननी सरिको मायाँ ममता पनि
शुभकामना व्यक्त गर्दछु यहाँ झङ्गिदै जावस भनी ।

समन्वय अनि समस्त जनमा विकासमा खातिर
बिते वर्ष बीस समग्र जनको विकासकै आँखिर ।
बालमैत्री गाविस घोषण हवस बालविकास खातिर
स्वयंसेवी समाज स्वार्थ हिनता बढ्दै जावस आँखिर ।

विगतका पीडा ती सम्हाली मनमा गर्दैगरी सामना
विगत वर्ष बीस झैं उल्लेख्य रहनु उन्नतिको कामना
सहकार्य सदा सम्पुर्ण जनमा मङ्गलको भावना
दीप झैं सदा चम्की जाज्वल्य रहनु यही शुभकामना ।

# स्थापना कालदेखि वर्तमान सम्मको कार्य समिति विवरण

| क.सं. | नामथर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| तदर्थ र पहिलो कार्य समिति २०५२/५/२० देखि २०५५/७/२ गते सम्म | | | | |
| १ | डम्बर प्रसाद सेढाई | अध्यक्ष | सुन्द्रावती- २ | |
| २ | गोविन्द राज सेढाई | उपाध्यक्ष | सुन्द्रावती- २ | |
| ३ | नारायण प्रसाद सेढाई | सचिव | सुन्द्रावती- २ | |
| ४ | इश्वरी प्रसाद दहाल | सह-सचिव | सुन्द्रावती- २ | |
| ५ | मनमाया सेढाई | कोषाध्यक्ष | सुन्द्रावती- २ | |
| ६ | घनश्याम सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| ७ | रेखामाया सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| ८ | वेद प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| ९ | विष्णु प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| १० | विष्णु प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| ११ | कुमार प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| क.सं. | नामथर | पद | ठेगाना | कैफियत |
| दोस्रो कार्य समिति २०५५/७/२ देखि २०६१ कार्तिक २७ | | | | |
| १ | डम्बर प्रसाद सेढाई | अध्यक्ष | सुन्द्रावती- २ | |
| २ | रोहित चन्द्र खड्का | उपाध्यक्ष | सुन्द्रावती- ५ | |
| ३ | नारायण प्रसाद सेढाई | सचिव | सुन्द्रावती- २ | |
| ४ | प्रेम प्रसाद सेढाई | कोषाध्यक्ष | सुन्द्रावती- २ | |
| ५ | कृष्ण प्रसाद सेढाइ | सदस्य | सुन्द्रावती- २ | |
| ६ | इश्वरी प्रसाद दहाल | सदस्य | सुन्द्रावती- २ | |
| ७ | देवका शिवाकोटी | सदस्य | सुन्द्रावती- २ | |
| ८ | खड्ग बहादुर सेढाई | सदस्य | सुन्द्रावती- ९ | |
| ९ | देवी प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| १० | प्रेम प्रसाद शिवाकोटी | सदस्य | सुन्द्रावती- ८ | |
| ११ | चित्र बहादुर भण्डारी | सदस्य | सुन्द्रावती- ५ | |
| क.सं. | नामथर | पद | ठेगाना | कैफियत |
| तेस्रो कार्य समिति २०६१ कार्तिक २७ देखि २०६४ वैशाख ११ गतेसमम | | | | |
| १ | इश्वरी प्रसाद दहाल | अध्यक्ष | सुन्द्रावती- २ | |
| २ | लोकनाथ शिवाकोटी | उपाध्यक्ष | सुनखानी- ६ | |
| ३ | केशव प्रसाद सेढाई | सचिव | सुन्द्रावती- २ | |
| ४ | कुमार प्रसाद सेढाई | कोषाध्यक्ष | सुन्द्रावती- २ | |
| ५ | प्रेम प्रसाद शिवाकोटी | सदस्य | सुन्द्रावती- ८ | |
| ६ | बेदचन्द्र उप्रेती | सदस्य | सुन्द्रावती- ३ | |
| ७ | नेत्र प्रसाद शिवाकोटी | सदस्य | सुन्द्रावती- २ | |
| ८ | गोविन्द प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| ९ | बेद प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |

| | | | | |
|---|---|---|---|---|
| १० | पदममाया सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| ११ | राम प्रसाद चिमरिया | सदस्य | सुन्द्रावती- २ | |
| क.सं. | नामथर | पद | ठेगाना | कैफियत |
| चौथो कार्य समिति २०६४बैशाख ११ गते देखि २०६६ असोज ११ | | | | |
| 1 | इश्वरी प्रसाद दहाल | अध्यक्ष | सुन्द्रावती- २ | |
| 2 | इश्वर चन्द्र शिवाकोटी | उपाध्यक्ष | सुष्पाक्षमावती वती-७ | |
| 3 | नारायण प्रसाद सेढाई | सचिव | सुन्द्रावती- २ | |
| 4 | केशव प्रसाद सेढाई | कोषाध्यक्ष | सुन्द्रावती- २ | |
| 5 | शान्ता खरेल चिमरिया | सह सचिव | सुन्द्रावती- २ | |
| 6 | पदममाया सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| 7 | सन्तोष अधिकारी | सदस्य | सुन्द्रावती- २ | |
| 8 | लोकनाथ शिवाकोटसि | सदस्य | सुनखानी ६ | |
| 9 | रामबहादुर सार्की | सदस्य | सुन्द्रावती- २ | |
| 10 | चिन्तामणि मैनाली | सदस्य | सुन्द्रावती- ३ | |
| 11 | तिर्थ थामी | सदस्य | सुन्द्रावती- ९ | |
| 12 | | | | |
| पाँचौ कार्य समिति २०६६ असोज ११ देखि २०६८ सम्म | | | | |
| 1 | इश्वरी प्रसाद दहाल | अध्यक्ष | सुन्द्रावती- २ | |
| 2 | लोकनाथ शिवाकोटी | उपाध्यक्ष | सुनखानी ६ | |
| 3 | नारायण प्रसाद सेढाई | सचिव | सुन्द्रावती- २ | |
| 4 | केशव प्रसाद सेढाई | कोषाध्यक्ष | सुन्द्रावती- २ | |
| 5 | सम्झना चिमोरिया | सह सचिव | सुन्द्रावती- २ | |
| 6 | कृष्ण प्रसाद सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| 7 | कुमार मुंग्राती | सदस्य | सुन्द्रावती- २ | |
| 8 | तिर्थ बहादुर थामी | सदस्य | सुन्द्रावती -२ | |
| 9 | सन्तोष अधिकारी | सदस्य | सुन्द्रावती- २ | |
| 10 | चिन्तामणी मैनाली | सदस्य | सुन्द्रावती- ३ | |
| 11 | कान्ति सेढाई | सदस्य | सुन्द्रावती- ९ | |
| छैठौं कार्य समिति २०६८ असोज देखि २०७२ मंसिर सम्म | | | | |
| 1 | डम्बरप्रसाद सेढाई | अध्यक्ष | सुन्द्रावती- २ | |
| 2 | घनश्याम सेढाईं | उपाध्यक्ष | सुन्द्रावती- २ | |
| 3 | नारायणप्रसाद सेढाईं | सचिव | सुन्द्रावती- २ | |
| 4 | पुरुषोत्तम दाहाल | कोषाध्यक्ष | सुन्द्रावती- १ | |
| 5 | ईश्वरीप्रसाद दाहाल | सह सचिव | सुन्द्रावती- २ | |
| 6 | कृष्णप्रसाद मैनाली | सदस्य | सुन्द्रावती- ३ | |
| 7 | तिर्थबहादुर थामी | सदस्य | सुन्द्रावती- ९ | |
| 8 | कृष्णकुमार खड्का | सदस्य | सुन्द्रावती -५ | |
| 9 | विनिता शिवाकोटी | सदस्य | सुन्द्रावती- १ | |
| 10 | स्वस्थानी कुँवर | सदस्य | सुन्द्रावती- ५ | |
| 11 | डम्बर सार्की | सदस्य | सुनखानी- ३ | |

| सातौ  कार्य समिति २०६८ असोज देखि २०७२ मंसिर सम्म | | | | |
|---|---|---|---|---|
| 1 | डम्बर प्रसाद सेडाई | अध्यक्ष | सुन्द्रावती- २ | |
| 2 | निर्मला शिवाकोटी | उपाध्यक्ष | सुन्द्रावती- १ | |
| 3 | पुरुषोतम दाहाल | सचिव | सुन्द्रावती- १ | |
| 4 | शुशिला थामी | कोषाध्यक्ष | लामाबगर-४ | |
| 5 | कविता चिमरिया | सह सचिव | सुनखानी -९ | |
| 6 | शान्ता केसी | सदस्य | च्यामा | |
| 7 | कृष्ण प्रसाद मैनाली | सदस्य | सुन्द्रावती- ३ | |
| 8 | घनश्याम सेढाई | सदस्य | सुन्द्रावति -२ | |
| 9 | नवराज दर्जी | सदस्य | सुन्द्रावती- ९ | |
| 10 | प्रमिला सेढाई | सदस्य | सुन्द्रावती- २ | |
| 11 | सन्तोष मैनाली | सदस्य | सुन्द्रावती- ३ | |

आजिवन तथा २०७३ असार मसान्तसम्म अवधि एका साधारण सदस्यहरु

## श्री दिपज्योति समाज सुधार संघ, दोलखा
## आजीवन र साधारण सदस्यताको विवरण

| क्र.स. | नाम थर | सदस्यता न. | सदस्याताको किसिम |
|---|---|---|---|
| 1 | केशव प्रसाद सेढाई | २२७ | आजिवन |
| 2 | लक्ष्मण चिमरिया | २२८ | आजिवन |
| 3 | घनश्याम सेढाई | २२९ | आजिवन |
| 4 | इश्वरी प्रसाद सेढाई | २३० | आजिवन |
| 5 | नारायण प्रसाद सेढाई | २३१ | आजिवन |
| 6 | कान्ति सेढाई | २३३ | आजिवन |
| 7 | सन्तोष मैनाली | २३४ | आजिवन |
| 8 | कृष्ण कुमार खडका | २३५ | आजिवन |
| 9 | बालकृष्ण खडका | २३६ | आजिवन |
| 10 | कृष्ण प्रसाद मैनाली | २३७ | आजिवन |
| 11 | चित्र बहादुर भण्डारी | २४१ | आजिवन |
| 12 | विष्णु प्रसाद सेढाई | २४३ | आजिवन |
| 13 | गोविन्द प्रसाद सेढाई | २४४ | आजिवन |
| 14 | कुमार प्रसाद सेढाई | २४५ | आजिवन |
| 15 | देवि प्रसाद सेढाई | २४६ | आजिवन |

| | | | |
|---|---|---|---|
| 16 | पदममाया सेढाई | २४७ | आजिवन |
| १७ | स्व. प्रेम प्रसाद सेढाई | ४०९ | आजिवन |
| १८ | उदव शिवाकोटी | ४१० | आजिवन |
| १९ | मुकुन्द शिवाकोटी | ४१७ | आजिवन |
| २० | पुर्ण कुमारी शिवाकोटी | ४११ | आजिवन |
| २१ | प्रमिला सेढाई | ४१३ | आजिवन |
| २२ | सञ्जय सेढाई | ४१२ | आजिवन |
| २३ | शान्ता देवि बस्नेत | ४१४ | आजिवन |
| २४ | उतमराज सेढाई | ४१८ | आजिवन |
| २५ | उदव दाहाल | ४१५ | आजिवन |
| २६ | तारादेवि सेढाई | ४१९ | आजिवन |
| २७ | शिवहरी सेढाई | ४२० | आजिवन |
| २८ | सुवासचन्द्र सेढाई | ४२१ | आजिवन |
| २९ | कृष्ण प्रसाद सेढाई | ४२२ | आजिवन |
| ३० | भोला शिवाकोटी | ४०८ | आजिवन |
| ३१ | इश्वरचन्द्र शिवाकोटी | ४२३ | आजिवन |
| ३२ | कैलास सेढाई | ४२४ | आजिवन |
| ३३ | यमकुमारी सेढाई | ४२५ | आजिवन |
| ३४ | लक्ष्मी सेढाई(शिवाकोटी ) | ४२६ | आजिवन |
| ३५ | राधा चापागाई | ४२७ | आजिवन |
| ३६ | डम्वर बयलकोटी | ४२८ | आजिवन |
| ३७ | चिन्तामणि मैनाली | ४२९ | आजिवन |
| ३८ | नेत्र प्रसाद शिवाकोटी | ४३० | आजिवन |
| ३९ | कविता चिमरिया | | आजिवन |
| ४० | अनिता कार्की | | आजिवन |
| ४१ | शुशिला थामी | | आजिवन |
| ४२ | हेमराज शिवाकोटी | | आजिवन |
| ४३ | शान्त के.सी. | | आजिवन |

# संस्थामा विगत देखि वर्तमान सम्मका कर्मचारी विवरण

**पढ्ने अवसर गुमाएका बालबालिकाको लागि पुनभर्ना तथा निरन्तर सहयोग कार्यक्रम अर्न्तगतका कर्मचारीहरु**

| क.स. | पद | नामथर | ठेगाना | योग्यता | कार्यक्षेत्र | अवधि |
|---|---|---|---|---|---|---|
| १ | संयोजक | प्रकाशदाहाल | सुन्द्रावती १ | B.Ed | कार्यालय | जनवरी २००९-२०११ |
| २ | संयोजक | मुकुन्दशिवाकोटी | सुनखानी४ | B. A | कार्यालय | जनवरी २०११-२०१२ |
| ४ | सामाजिक परिचालक | कविता चिमरिया | सुन्द्रावती २ | BBS | कार्यक्षेत्र | जनवरी २००९-२०१२ |
| ५ | सामाजिक परिचालक | भगवती सेढाई | सुन्द्रावती २ | +2 pass | कार्यक्षेत्र | जनवरी २००९-२०१२ |
| ६ | सामाजिक परिचालक | शुसिला शिवाकोटी | सुनखानी६ | I Ed | कार्यक्षेत्र | जनवरी २०११-२०१२ |
| ७ | सामाजिक परिचालक | मुकुन्द शिवाकोटी | सुनखानी ४ | B.ed. running | कार्यक्षेत्र | जनवरी २००९-२०११ |
| ८ | लेखातथाप्रशासन सहायक पद | उत्तमराज सेढाई | सुन्द्रावती २ | +2 pass | कार्यालय | जनवरी २००९-२०१२ |

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगतका कर्मचारीहरु**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | मुकुन्द शिवाकोटी | सुनखानी -४ | B. Ed. | कार्यालय | २०६८ मसिंर-२०७०असार |
| २ | समाजिक परिचालक | अनिताकार्की | सुन्द्रावती ४ | B.Ed | सुन्द्रावती | २०६८ मसिंर-२०७०असार |
| ४ | सामाजिक परिचालक | विमलाथापा | भीनपा १० | I. Ed. | लाकुरीडाँडा | २०६८ मसिंर-२०६९असार |
| ५ | सामाजिक परिचालक | राजकुमार दाहाल | मिर्गे ५ | I.Ed. | मिर्गे | २०६८ मसिंर-२०६९असार |
| ६ | सामाजिक परिचालक | तारा नेपाली | मिर्गे ४ | I.Ed. | मिगे | २०६९श्रावन-२०७०असार |
| ७ | सामाजिक परिचालक | राधाचापागाई | सुन्दावती ५ | B.Ed. | लाँकुरी डाँडा | २०६९ श्रावन-२०७०असार |

**भूकम्प पिडितका लागि अस्थायी आवास निर्माण परियोजना अर्न्तगतका कर्मचारीहरु**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | कोपिला शिवाकोटी | सुन्द्रावती-४ | B. A | कार्यालय | जुलाइ २०१६ देखि मिसेम्बर सम्म |
| २ | समाजिक परिचालक | सम्झना चिमरिया | सुन्द्रावती ४ | B.Ed | सुन्द्रावती | जुलाइ २०१६ देखि मिसेम्बर सम्म |
| ४ | सामाजिक परिचालक | विमलाथापा | भीनपा १० | I.Ed. | लाकुरीडाँडा | जुलाइ २०१६ देखि मिसेम्बर सम्म |
| ५ | प्राविधिक | पुरुषोत्तमआर्चाय | भीनपा ३ | Sub overseer | | जुलाइ २०१६ देखि मिसेम्बर सम्म |
| | लेखा तथा प्रशासन | कृष्ण प्रसाद सेढाई | सुद्रावती २ | BBS running | कार्यालय | जुलाइ २०१६ देखि मिसेम्बर सम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहायक | | | | | |
| | भूकम्प पिडितहरुका लागि शौचालय पुनर्निर्माण परियोजना अन्तर्गतका कर्मचारीहरु | | | | | |
| 1. | कार्यक्रम संयोजक | ईस्वरीप्रसाद दाहाल | सुन्द्रावती २ | M.A. | कार्यालय तथा फिल्ड | सेप्टेम्बर २०१६ देखि नोभेम्बर २०१६ सम्म |
| 2. | सामाजिक परिचालक | हेमराज शिवाकोटी | सुन्द्रावती २ | BBS | कार्यालय तथा फिल्ड | सेप्टेम्बर २०१६ देखि नोभेम्बर २०१६ सम्म |
| 3. | सामाजिक परिचालक | सुमिता रेग्मी | लाँकुरीडाँडा | | लाँकुरीडाँडा गाविस | सेप्टेम्बर २०१६ देखि नोभेम्बर २०१६ सम्म |
| 4. | सामाजिक परिचालक | नारायण के.सी | लाँकुरीडाँडा | | लाँकुरीडाँडा गाविस | सेप्टेम्बर २०१६ देखि नोभेम्बर २०१६ सम्म |
| 5. | सामाजिक परिचालक | सुवाष सेढाईं | सुन्द्रावती १ | B.Ed | सुन्द्रावती गाविस | सेप्टेम्बर २०१६ देखि नोभेम्बर २०१६ सम्म |
| 6 | सामाजिक परिचालक | उत्तमराज सेढाई | सुन्द्रावती २ | B.Ed. | सुन्द्रावती गाविस | सेप्टेम्बर २०१६ देखि नोभेम्बर २०१६ सम्म |

**शिघ्र उद्यम पुनरोत्थान परियोजना (सेप्टेम्बर २०१५-जुन २०१६)**

| पद | नाम थर | स्थायी ठेगाना | शैक्षिक योग्यता | कार्यक्षेत्र | अवधी |
|---|---|---|---|---|---|
| कार्यक्रम संयोजक | मुकुन्द शिवाकोटी | सुनखानी ४, दोलखा | BA | परियोजनाको क्लस्टर कार्यालय, मैनापोखरी, दोलखा | अक्टोबर २०१५-जुन २०१६ |
| व्यवशाय विकास परामर्शक | विमला जिरेल | क्षत्रपा | BA | परियोजना क्षत्रका सबै गाविस तथा नगरपालिका | अक्टोबर २०१५ -जनवरी २०१६ |
| व्यवशाय विकास परामर्शक | रमिना श्रेष्ठ | भि.न.पा. ४ | BBS | परियोजना क्षत्रका सबै गाविस तथा नगरपालिका | फेब्रुअरी २०१६ -जुन २०१६ |
| लेखा तथा प्रशासन सहायक | केशव घिमिरे | नाम्दु ३ दोलखा | +2 | परियोजनाको क्लस्टर कार्यालय, मैनापोखरी, दोलखा | अक्टोबर २०१५-जुन २०१६ |
| JTA | पुस्कर कार्की | जिरी | T-SLC/IA | परियोजना क्षत्रका सबै गाविस तथा नगरपालिका | अक्टोबर २०१५-जुन २०१६ |
| JTA | यमुना श्रेष्ठ | भि.न.पा. २ | T-SLC | परियोजना क्षत्रका सबै गाविस तथा नगरपालिका | अक्टोबर २०१५-जनवरी २०१६ |
| JTA | सकुन्तला कार्की | काब्रे जिल्ला | T-SLC | परियोजना क्षत्रका सबै गाविस तथा नगरपालिका | फेब्रुअरी २०१६-जुन २०१६ |
| तथ्याङ्क सहायक | सविना तामाङ | चंखु दोलखा | +2 | परियोजनाको क्लस्टर कार्यालय, मैनापोखरी, दोलखा | अक्टोबर २०१५-जनवरी २०१६ |
| तथ्याङ्क सहायक | हेमराज शिवाकोटी | सुन्द्रावती २, दोलखा | BBS | परियोजनाको क्लस्टर कार्यालय, मैनापोखरी, दोलखा | जनवरी २०१५-जुन २०१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| उद्यम विकास सहजकर्ता | देवदत्त शर्मा | पाटन नगरपालिका, बैतडी | T-SLC (EDF) | श्यामा, जिरी | अक्टोबर २०१५- जनवरी २०१६ |
| उद्यम विकास सहजकर्ता | उमेश रोकाया | सुन्द्रावती २ | BBS | श्यामा, जिरी | जनवरी २०१५- जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | मनिषा बि.क. | चौमाला २ कैलाली | T-SLC (EDF) | जिरी नगरपालिका | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | यमुना नेपाली | गेटा ५ कैलाली | T-SLC (EDF) | मैनापोखरी, मिर्गे, गैरीमुदी | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | रबिना मरन्डी | मझारे ७, मोरङ | T-SLC (EDF) | जिरी नगरपालिका | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | गंगामायाँ नेपाली | जफे ३ दोलखा | SLC | जफे, मालु, शहरे र च्यामा | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | जुनु राई | जलथल ८ झापा | T-SLC (EDF) | नाम्दु र क्षत्रपा | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | फुलमुनी मुर्मु | जलथल ८ झापा | T-SLC (EDF) | नाम्दु | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | पुर्णिमा बेसरा | मझारे ७, मोरङ | T-SLC (EDF) | काब्रे र गैरीमुदी | अक्टोबर २०१५-डिसेम्बर २०१६ |
| उद्यम विकास सहजकर्ता | नोर्गिन तामाङ | ठूलोपातल ५, दोलखा | +2 | ठूलोपातल र हावा | अक्टोबर २०१५-जुन २०१६ |
| उद्यम विकास सहजकर्ता | रोमिता खाती | ठूलोपातल ५, दोलखा | T-SLC (EDF)/+2 | जुंगु र झुले | अक्टोबर २०१५-जुन २०१६ |

**स्वास्थ्य पुर्नलाभ कार्यक्रम अन्तर्गतका कर्मचारीहरु (हाल सञ्चालनमा रहेको)**

| | **पद** | **नाम थर** | **स्थायी ठेगाना** | **शैक्षिक योग्यता** | **कार्यक्षेत्र** | **अवधी** |
|---|---|---|---|---|---|---|
| १ | संयोजक | सावनकुमार यादव | सप्तरी ८ | MPH | कार्यालय | जनवरी २०१६ देखि जुन २०१६ |
| २ | स्वास्थ्य अधिकृत | सुशान्त बुद्धाचार्य | पोखरा ३ | BPH | कार्यालय +फिल्ड | जनवरी २०१६ देखिजुन २०१६ |
| ३ | संयोजक | सुशान्त बुद्धाचार्य | पोखरा ३ | BPH | कार्यालय | जुन २०१६ देखि हालसम्म |
| ४ | स्वास्थ्यअधिकृत | विकल सुवेदी | कास्की | BPH | कार्यालय + फिल्ड | जुलाइ २०१६ देखि हालसम्म |
| ५ | प्रशासन/लेखाअधिकृत | राम प्र. सेढाइ | सुन्द्रावती २ | MBS | कार्यालय | फेब्रुवरी २०१६ देखि हालसम्म |
| ६ | सामाजिक परिचालक | विद्यादेवी श्रेष्ठ | गैरीमुदी १ | M.ed. | गैरीमुदी | फेब्रुवरी २०१६ देखि हालसम्म |
| ७ | सामाजिक परिचालक | सन्जिता कार्की | श्यामा ६ | +2 pass, CMA | श्यामा | फेब्रुवरी २०१६ देखि हालसम्म |
| ८ | सामाजिक परिचालक | विमला बस्नेत | च्यामा ४ | +2 pass, ANM | हावा | फेब्रुवरी २०१६ देखि हालसम्म |

| साझेदारी विकास कार्यक्रम (हाल सञ्चालनमा रहेको) | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | संयोजक | ईश्वरीप्रसाद दाहाल | सुन्द्रावती २ | MA | कार्यालय + फिल्ड | अप्रिल २०१६ देखी हालसम्म |
| २ | प्रशासन/लेखाअधिकृत | गौरी बस्नेत | भिनपा ११ | BBS | कार्यालय | अप्रिल २०१६ देखि हालसम्म |
| ३ | सामाजिक परिचालक | हीरा सुनेल | सुनखानी | + 2 pass | सुनखानी | अप्रिल २०१६ देखि हालसम्म |
| ४ | सामाजिक परिचालक | संगीताथापा | लापिलाङ | + 2 pass | लापिलाङ | अप्रिल २०१६ देखि हालसम्म |
| ५ | सामाजिक परिचालक | हरिराज भण्डारी | लामीडांडा | + 2 pass | लामीडांडा | अप्रिल २०१६ देखि हालसम्म |
| ६ | सामाजिक परिचालक | कुमारी थामी | बाबरे | + 2 pass | बाबरे | अप्रिल २०१६ देखि हालसम्म |
| ७ | सामाजिक परिचालक | राजु थामी | खोपाचागु | + 2 pass | खोपाचागु | अप्रिल २०१६ देखी हालसम्म |
| ८ | सामाजिक परिचालक | देवकी घिमिरे | विगु | SLC | बिगु | अप्रिल २०१६ देखि हालसम्म |
| ९ | सामाजिक परिचालक | सिर्जना कार्की | आलम्पु | + 2 pass | आलम्पु | अप्रिल २०१६ देखि हालसम्म |
| १० | सामाजिक परिचालक | सुनिता विक | चिलङखा | SLC | चिलङखा | अप्रिल २०१६ देखि हालसम्म |
| ११ | सामाजिक परिचालक | प्रनिशा गुरुङ | खारे | SLC | खारे | अप्रिल २०१६ देखि हालसम्म |
| १२ | सामाजिक परिचालक | इन्द्रलक्ष्मी श्रेष्ठ | मार्वु | + 2 pass | मार्वु | अप्रिल २०१६ देखि हालसम्म |
| १३ | सामाजिक परिचालक | विन्दु गुरुङ | चङखु | + 2 pass | चङखु | अप्रिल २०१६ देखि हालसम्म |
| १४ | सामाजिक परिचालक | मेनकाजी खड्का | सुरी | + 2 pass | सुरी | अप्रिल २०१६ देखि हालसम्म |
| १५ | सामाजिक परिचालक | मनिषा तामाङ | झयाकु | + 2 pass | झयाकु | अप्रिल २०१६ देखि हालसम्म |
| १६ | सामाजिक परिचालक | माया अधिकारी | नाम्दु | + 2 pass | नाम्दु | अप्रिल २०१६ देखि हालसम्म |
| १७ | सामाजिक परिचालक | लक्ष्मी चापागाईं | जीरी | B.Ed. | जीरी | अप्रिल २०१६ देखि हालसम्म |
| १८ | सामाजिक परिचालक | सरस्वती कार्की | श्यामा | + 2 pass | श्यामा | अप्रिल २०१६ देखि हालसम्म |
| १९ | सामाजिक परिचालक | गंगा पकुवाल | सुन्द्रावती | + 2 pass | सुन्द्रावती | अप्रिल २०१६ देखि हालसम्म |
| २० | सामाजिक परिचालक | बिनु खतिवडा | कालिन्चोक | + 2 pass | कालिन्चोक | अप्रिल २०१६ देखि हालसम्म |
| २१ | सामाजिक परिचालक | अर्जुन खड्का | चिलङ्खा | + 2 pass | चिलंखा | अप्रिल २०१६ देखि जुलाइ सम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | सामाजिक परिचालक | तुलसी जोशी | खारे | + 2 pass | खारे | अप्रिल २०१६ देखि जुलाइ सम्म |
| **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम(LGCDP) हाल सञ्चालनमा रहेको** | | | | | | |
| १ | संयोजक | कोपिलाशिवा कोटी | सुन्द्रावती-४ | M.Ed. | कार्यालय | २०७२ आश्विन देखीहालसम्म |
| २ | सामाजिक परिचालक | अरुणा अधिकारी | काटाकुटी | + 2 pass | काटाकुटी | २०७२ आश्विन देखीहालसम्म |
| ३ | सामाजिक परिचालक | सीतामोक्तान | मागापौवा | +2 pass | मागापौवा | २०७२ आश्विन देखीहालसम्म |
| ४ | सामाजिक परिचालक | छिरिङ लामा | भुसाफेदा | + 2 pass | भुसाफेदा | २०७२ आश्विन देखीहालसम्म |
| ५ | सामाजिक परिचालक | राधाचापागाईं | सुन्द्रावती | B.ed. | लाकुरी डांडा | २०७२ आश्विन देखीहालसम्म |
| ६ | सामाजिक परिचालक | उषा बस्नेत | बोच | +2 pass | बोच | २०७२आश्विन देखी हालसम्म |
| ७ | सामाजिक परिचालक | सुशिला सेढाईं | सुष्पाक्षमावती | B.ed. | सुष्पाक्षमावती | २०७२ आश्विन देखीहालसम्म |
| ८ | सामाजिक परिचालक | अनिता कार्की | सुन्द्रावती | B.ed. | सुन्द्रावती | २०७२ आश्विन देखीहालसम्म |
| ९ | सामाजिक परिचालक | डम्बर बहादुर बयलकोटी | सुनखानी | B.ed. | सुनखानी | २०७२ आश्विन देखीहालसम्म |
| १० | सामाजिक परिचालक | सुर्जा पकुवाल | लापिलाङ | +2 pass | लापिलाङ | २०७२ आश्विन देखीहालसम्म |
| ११ | सामाजिक परिचालक | कमला शिवाकोटी | लामीडांडा | + 2 pass | लामीडांडा | २०७२ आश्विन देखीहालसम्म |
| **विद्यालय सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यक्रम (हाल सञ्चालनमा रहेको)** | | | | | | |
| १ | संयोजक | देवेन्द्र खड्का | सुन्द्रावती | B.ed. | कार्यालय | अप्रिल २०१६ देखीहालसम्म |
| २ | इन्जिनियर | बालकृष्ण शिवाकोटी | सुनखानी | B.E. | कार्यालय + फिल्ड | अप्रिल २०१६ अगस्टसम्म |
| ३ | लजिस्टिक अफिसर | नवीनकार्की | मागापौवा | BBS | कार्यालय + फिल्ड | अप्रिल २०१६ देखीहालसम्म |
| ४ | सुपरभाइजर | उत्तम सेढाईं | सुन्द्रावती | B.ed. | कार्यालय + फिल्ड | अप्रिल २०१६ देखीहालसम्म |
| ५ | सवओभरसियर | विशाल बुढाथोकी | भिरकोट र जफे | Sub-overseer | विद्यालय | अप्रिल २०१६ देखीहालसम्म |
| ६ | सवओभरसियर | दीपेन्द्र न्यौपाने | मेलुङ, मालु | Sub-overseer | विद्यालय | अप्रिल २०१६ देखीहालसम्म |
| ७ | सवओभरसियर | तेजराजपोखरेल | मालु, हावा, च्यामा | Sub-overseer | विद्यालय | अप्रिल २०१६ देखीहालसम्म |
| ८ | सवओभरसियर | सन्देश खड्का | जफे, झुले | Sub-overseer | विद्यालय | अप्रिल २०१६ देखीहालसम्म |
| ९ | सवओभरसियर | सुश्मिता सुवेदी | गैरीमुदी, मिर्गे | Sub-overseer | विद्यालय | अप्रिल २०१६ देखीहालसम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | सवओभरसियर | वीपेन्द्र खतिवडा | जफे, मालु | Sub-overseer | विद्यालय | अप्रिल २०१६ जुलाइ सम्म |
| | सामुदायिक रिकभरी परियोजना (न्यायिक संसारसँगको साझेदारी | | | | | |
| 1 | सामाजिक परिचालक | सुवास सेडाई | सुन्द्रावती | M.Ed. | सुन्द्रावती | जनवरी २०१६ हाल सम्म |

दीपज्योति समाज सुधार संघलाई सहयोग गर्ने र हातेमालो गर्ने सरकारी निकायहरु, एजेन्सी तथा संस्थाहरुको विवरण

| क्रसं. | संस्था /एजेन्सीको नाम | सहयोग/समन्वय / काम गरिएको - Sector) क्षेत्र |
|---|---|---|
| 1 | जिल्ला प्रशासन कार्यालय,दोलखा | संस्था दर्ता, नविकरण, सल्लाह, आवश्यक समन्वय, जिल्ला दैवि प्रकोप उद्धार समिति मार्फत कार्यक्रमको क्षेत्र निर्धारण, अनुगमन आदिमा सहयोग |
| 2 | जिल्ला विकास समिति, दोलखा | संस्था दर्ता, नविकरण सिफारिस, सल्लाह, आवश्यक समन्वय, जिल्ला परिषदमार्फत कार्यक्रम स्विकृति, पुर्व सहमति अनुगमन आदिमा सहयोग<br>जिविस आरसिआइ डब्लु मार्फत सुन्द्रावती २ मा पहिरो नियन्त्रण, शौचालय निर्माण र सुन्तला विरुवा लगाउनको लागि खाद्यान्न सहयोग र बालमैत्री सुन्द्रावती गाविस निर्माणको लागि तथ्यांक संलनमा सहयोग |
| 3 | जिल्ला स्वास्थ्य कार्यालय, दोलखा | स्वास्थ्य पुनर्लाभ परियोजना, साझेदारी विकास पुनर्लाभ परियोजनामा स्वास्थ्य सम्बन्धी गतिविधिमा सल्लाह, आवश्यक समन्वय, सहकार्य विशेष गरी शिविर व्यवस्थापनमा अनुगमन आदि, जेष्ठ नागरिक स्वास्थ्य परिक्षणमा सहयोग |
| 4 | जिल्ला शिक्षा कार्यालय, दोलखा | शिक्षासँग सम्बन्धित कार्यक्रममा समन्वय र सहकार्य<br>अनौपचारिक कक्षा सञ्चालन, गाउँ शिक्षा योजना निर्माणमा सहयोग, विद्यालय भर्ना अभियान सञ्चालनमा सहयोग |
| 5 | जिल्ला कृषि विकास कार्यालय, दोलखा | साझेदारी विकास पुनर्लाभ परियोजना र न्यायिक संसारसँगको सहकार्यमा गरिएको कृषि सम्बन्धी कार्यक्रममा समन्वय र सहकार्य |
| 6 | जिल्ला पशुसेवा कार्यालय, दोलखा | साझेदारी विकास पुनर्लाभ परियोजना र न्यायिक संसारसँगको सहकार्यमा गरिएको कृषि सम्बन्धी कार्यक्रममा समन्य र सहकार्य |
| 7 | महिला तथा बालबालिका कार्यालय, दोलखा | सुन्द्रावती गाविसमा जेष्ठ नागरिक सम्मान कार्यक्रममा सहयोग र बालबालिका तथा महिलाको क्षेत्रमा सहकार्य समन्वय र सल्लाह |
| 8 | वातावरण संरक्षण कोष, बन तथा वातावरण मन्त्रालय | सुन्द्रावती १ मा भू तथा जलाधार संरक्षणमा सहयोग उपलब्ध |
| 9 | जिल्ला वन कार्यालय, दोलखा | सामुदायिक वन हस्तान्तरणमा सहयोग |
| 10 | जिल्ला भूसंरक्षण कार्यालय, दोलखा | सुन्द्रावती वडा नं २ मा पहिरो नियन्त्रणमा सहयोग |

| | | |
|---|---|---|
| 11 | खानेपानी सरसफाई डिभिजन कार्यालय, दोलखा | सुन्द्रावती र लाँकुरीडाँडा गाविस र भिनपा ७ लाई खुलादिशामुक्तको अवस्थामा पुऱ्याउन र विद्यालय सरसफाई कार्यक्रम सञ्चालनमा सहयोगी र समन्वयकारी भूमिका निर्वाह |
| 12 | जिल्ला खेलकुद विकास समिति | यस संस्थालाई उद्यमशिलता र कम्प्युटर आधारभूत तालिम सञ्चालन गर्न कार्यक्रममा आर्थिक सहयोग |
| 13 | ओपन सोसाइटी फाउण्डेसन, अमेरिका | पढ्ने अवसर गुमाएका बालबालिकाको लागि पुन भर्ना तथा निरन्तर सहयोग कार्यक्रममा आर्थिक सहयोग |
| 14 | एलायन्स फर सोसियल डायलग, काठमाण्डौ | पढ्ने अवसर गुमाएका बालबालिकाको लागि पुन भर्ना तथा निरन्तर सहयोग कार्यक्रममा प्राविधिक सहयोग |
| 15 | UN HabItat | भिनपा ५ र ७ मा २६३ अस्थायी आवास र सुन्द्रावती र लाँकुरीडाँडा गाविसमा भूकम्प पछाडि क्षतविक्षत भएका १३१३ शौचालय पुनर्निर्माण सहयोग |
| 16 | CiUD | भिनपा ५ र ७ मा २६३ अस्थायी आवास निर्माणमा प्राविधिक सहयोग उपलब्ध |
| 17 | UNDP | शिघ्र उद्यम पुनरोत्थान परियोजनामार्फत क्लस्टर नं ३ मा ७३८ भूकम्प पीडित उद्यमीको पुनरोत्थानमा सहयोग |
| 18 | World Voision | स्वास्थ्य सम्वन्धी कार्यक्रममा सहयोग |
| 19 | Concern World Wide | यस जिल्लाका ९ गाविसमा २७ वटा विद्यालयमा खानेपानी तथा विद्यालय सरसफाई कार्यक्रम सञ्चालनमा सहयोग |
| 20 | न्यायिक संसार | सुन्द्रावती गाविसमा कृषि कार्यक्रम सञ्चालनमा सहयोग |
| 21 | वर्ल्ड भ्यू | संविधान सभा निर्वाचनको संघारमा **छोड्नै नहुने मौका** शिर्षकको सडक नाटक प्रस्तुतीको लागि सहयोग |
| 22 | GoGo Foundation | सामाजिक र जवाफदेहिताका औजार विषयमा प्रशिक्षण |
| 23 | सामुहिक अभियान | संस्थाको नीति निर्माण र संस्थागत विकासमा सहयोग |
| 24 | हुराडेक नेपाल | दिपजयोति मार्फत मानव अधिकार शिक्षा सञ्चालनमा सहकार्य |
| 25 | साझेदारी विकास /USAid | सुशासनमा आधारित पुनरनिर्माण |
| 26 | प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकीहरु | स्वास्थ्य शिविरमा सहयोग |
| 27 | दोलखा लायन्स आँखा केन्द्र | स्वास्थ्य शिविरमा सहयोग |
| 28 | सुष्पाक्षमावती, सुन्द्रावती, सुनखानी, लापिलाङ्ग, लामिडाँडा, बाबरे, कालिञ्चोक, खोपाचागु, बिगु आलम्पु, चिलंखा, खारे, मार्बु, चंखु, सुरी, झ्याँकु, नाम्दु, ,श्यामा, लाँकुरीडाँडा, मागापौवा, भुसाफेदा, काटाकुटी, बोच, ,हावा,मिर्गे, गैरीमुदी, भिरकोट, जफे, मालु, झुले, च्यामा, मेलुङ, काब्रे, क्षेत्रपा, शहरे गाविस, जिरी नगरपालिका र भिमेश्वर नगरपालिका | |

## परियोजनाको नाम, दातृ निकाय र कार्यकमले समेटिएका गाविस तथा नगरपालिकाहरु

| क्र. सं. | परियोजनाको नाम | दातृ निकायको नाम | कार्यक्षेत्र गाविस नगरपालिकाको नाम |
|---|---|---|---|
| १ | अस्थायी आवास सरसफाई | UNhabitat /CIUD | भिनपा ७, ५ लाँकुरीडाँडा र सुन्द्रावती |
| २ | शिघ्र उद्यम पुनरोत्थान परियोजना | UNDP/RELRP | जिरी नगरपालिका र नाम्दु, काब्रे, क्षत्रपा, मिर्गे, श्यामा, हावा, च्यामा, मालु, शहरे, झुल |

| | | | |
|---|---|---|---|
| ३ | विद्यालय खानेपानी स्वच्छता तथा सरसफाई परियोजना | Concern Worldwide | मिर्गे, गैरीमुदी, भिरकोट, जफे, मालु, झुले, हावा, च्यामा, मेलुङ |
| ४ | स्वास्थ्य पुनर्लाभ परियोजना | World Vision International | गैरीमुदी, श्यमा हावा |
| ५ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | LGCDP/जिविस | लाँकुरीडाँडा, मागापौवा, भुसाफेदा, काटाकुटी, सुस्पा क्षमावती, सुन्द्रावती, सुनखानी, बोच, लापिलाङ, लामिडाँडा, |
| ६ | साझेदारी विकास पुनर्लाभ परियोजना | USAID | सुन्द्रावती, सुनखानी, लापिलाङ, लामिडाडा, बाबरे, कालिञ्चोक, खोपाचागु, आलम्पू, चिलङ्खा, खारे, मार्बु, चंखु, सुरी, झ्याँकु, नाम्दु, जिरी र श्यामा |
| ७ | पढ्ने अवसर गुमाएका बालबालिकाको लागि पुन भर्ना तथा निरन्तर सहयोग कार्यक्रम | Open Society foundation /Alliance for social diologue | सुष्पा क्षमावती, सुन्द्रावती, सुनखानी, लापिलाङ्ग, लामिडाँडा, बाबरे, कालिञ्चोक, खोपाचागु, बिगु आलम्पु र चिलंखा |
| ८ | | | |
| ९ | | | |

# २०६७/६८ देखि ०७२/७३ सम्म लेखा परिक्षण प्रतिवेदनको संक्षेपिकरण

| कासं | आर्थिक वर्ष | लेखापरीक्षण गरिएको वर्ष | लेखा परिक्षकको नाम | आम्दानी | | | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | जम्मा | | |
| १ | ०७२/०७३ | २०७३ | मनोज काफ्ले | २५३५००.०० | ५१९०३७००.९७ | ५२१५७२००.९१ | ४२७३१७१२.३२ | अल्या सहित |
| २ | ०७१/०७२ | २०७२ | शंकर थापा | २०९०००.०० | ३५४८०००.०० | ३७५७०००.०० | ३४६६२३७ | अल्या सहित |
| ३ | ०७०/०७१ | २०७१ | टिकाराम ओली | ७८७५ | ३६४०६६.०० | ३७१९४१.०० | ३६०८००.०० | अल्या सहित |
| ४ | ०६९/०७० | २०७० | टिकाराम ओली | ४८०० | ९०५७५७.०० | ९१०५५७ | ८८३७००.०० | अल्या सहित |
| ५ | ०६८/०६९ | २०६९ | उदयचन्द्र श्रेष्ठ | २९४५०.०० | ९७८१४३.६० | १००७५९३.६० | १००१५८९.०० | अल्या सहित |
| ६ | ०६७/०६८ | २०६८ | उदयचन्द्र श्रेष्ठ | ३४२२३६.०६ | २७५९९९३.०० | ३१०२२२९.०६ | २१२४०८६.०० | अल्या सहित |
| ७ | ०६६/०६७ | २०६७ | भिमबहादुर शिवाकोटी | १४९४८९.३ | १४४७०२८.०० | १५९६५१७.३९ | १२५८९५१.४४ | अल्या सहित |

# Deepjyoti Samaj Sudhar Sangh
## Sundrawoti Dolakha



## Audit Report
**For**
**01 Shrawan 2072 to 31 Ashadh 2073**

**Submitted by:**

**MKNB Associates**
**Chartered Accountants**
**Anamnagar, Kathmandu**
**Nepal**

# पत्र पत्रिकामा दीपज्योति

# मेरो दृष्टिमा दीपज्योति

## उमेरले पढ्न रोक्दैन पढ्ने मानिसलाई लाज लाग्दैन

राजु थामी
खोपाचागु ५, दोलखा
९८६४०००७८९

दोलखा जिल्लाको उत्तरी दुर्गम भेगमा पर्ने थामि जातिको बाहुल्यता रहेको बस्तीमा एउटा सानो गाउँ रहेको छ । जसको नाम खोपा गाउँ रहेको छ । सोही गाउँको नामबाट नै सो गाविसको नाम खोपाचागु रहन गएको छ । त्यही गाउँको सामान्य परिवारमा जन्मी हुर्की बढेकोले घर परिवारमा खान लाउन पनि धौ धौ हुने गरेको अवस्था रहेको थियो । त्यसैले मैले गाउँको सरकारी विद्यालयमा अध्ययन गरिरहेको थिएँ । सो समयमा नेपाल सरकार तत्कालीन नेकपा माओवादी बीच भएको सशस्त्र द्वन्द्वको कारण गाउँका युवाहरु त्रसित हुन पुगे । आफ्नो छोरालाई पढाएर ठुलो मानिस बनाउने आमा बुवाको सोच र सपना सबै द्वन्द्वको कारण चकनाचुर भयो । सोही अनुसार परदेशी हुन बाध्य भएको थिएँ। नेपालमा शान्ति सम्झौता भएपछि फेरी गाउँ फर्कने आशा पलायो र गाउँ फर्किएँ । सो समयमा गाउँ घरमा घुमेर बस्ने र घाँस दाउरा गर्नु र अरुको मेलापर्म जानु बाहेक अरु कुनै काम थिएन । बिदेश जानको लागि पासपोर्ट समेत बनाएँ र बिदेश जाने सोच समेत गरेको थिएँ ।

अचानक सोही समयमा जिल्लाबाट केही सर र मेडाम गाउँमा आउनु भएको थाह पाएँ पढ्न नपाउनेलाई केही सहयोग गरिदिन्छ भन्ने हल्ला सुनें । म पनि त्यतैतिर गएँ परिचयको क्रममा दिपज्योति समाज सुधार संघको सर मेडाम आउनु भएको रहेछ । दिन भरउहाँहरुको कुरा सुने । मजस्ता धेरै साथीहरु विद्यालय जानका लागि तयार भए । तर मलाई अप्ठेरो लागेको थियो किनकी म अरु भन्दा उमेरले जेठो थिएँ । मभन्दा पछाडि पढेका भाईहरु पढाउने माष्टर थिए । त्यसैले मलाई पढ्न अप्ठेरो लागिरहेको थियो । त्यसको केहि समय पछि एक जना सरसँग भेट भेयो उहाँको नाम थियो नारायण सेढाई । उहाँले पढ्ने विषयमा मलाई धेरे कुरा सोध्नु भयो र भन्नु भयोकि **उमेरले पढ्न रोक्दैन पढ्ने मानिसलाइ लाज लाग्दैन** । मेरो दिमागमा त्यही कुरा गुन्जिरहयो । मलाई संस्थाबाट दिने सुविधा केही लिएको थिइन । संस्थाबाट पाउने सुविधा मेरो भाई ...लाई दिई उपनि विद्यालय जान थाल्यो । मलाई पनि विद्यालय जाउँ जाउँ लाग्न थाल्यो र म विद्यालय गएँ सबैले मेरो मुखमा हेर्छन केहि दिन मलाई अप्ठेरो लाग्यो अनि सम्झें **उमेरले पढ्न रोक्दैन पड्ने मानिसलाइ लाज लाग्दैन** त्ससपछि त सामान्य लाग्न थाल्यो । मेहनतकासाथ अगाडि बढें एसएलसी पास गरेर आज म एक पशु चिकित्सक हुन सफल भएका छु। गाउँ घरमा धेरै इज्यत मान प्रतिष्ठा कमाएको छु विभिन्न सामाजिक संघ संस्थामा काम गर्ने मौका पाएको छु । मेरो आफनै एक भेटेरीनरी पसल छ । त्यसैको आम्दानीले मेरो परिवारको गुजारा चलाउन सजिलो भएको छ । जिन्दगीमा कोही कस्ैको उत्प्रेरणाबाट मानिसको जिन्दगीमा परिवर्तन आउन सक्छ भन्ने सुनेको थिएँ । तर मेरो जिन्दगीमा दीपज्योति समाज सुधार संघ र नारायण सरको उत्प्रेरणाबाट मैले मेरो जीवनमा केही परिवर्तन ल्याउन सफल भएको छु ।

अन्तमा दीपज्योति समाज सुधार संघले साच्चै नै मजस्तो धेरै द्वन्द्वपीडित भएका व्यक्तिहरुलाई मलम लगाउने काम मात्र नभएर जीवनमा नै दीप बाली अन्धकारबाट उज्यालोतर्फ लैजाने संस्थाप्रति मेरो हृदय देखि नै धन्यबाद दिन चाहन्छु ।

# दीपज्योति स्थापनाको दुई दशक

खड्ग बहादुर सेढाई
निवर्तमान गाविस अध्यक्ष
सुन्द्रावती गाविस

दोलखा जिल्लाको सुन्द्रावती गाविस वडा नं २ थूम्कामा केन्द्रीय कार्यालय रहने गरी २०५२ भाद्र महिनामा समाजसेवी भावनाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भई दिपज्योति समाज सुधार संघको स्थापना भएको हो । संस्था दर्ता गर्नु भन्दा यसको उद्देश्य पुरा गर्नु  प्रमुख कुरा हो । जसको लागि कार्यनीतिक र रणनीतिक रुपमा योजना तयार गरी समाजमा विश्वास दिलाउन सक्नु यसको पहिलो काम थियो । जसमा दिपज्योति समाज सुधार संघलाई सफलता मिलेको छ ।
आज भन्दा करिव २१ वर्ष अगाडि अर्थात संस्था स्थापना कालको समय भनेको देशमा सामान्तवादको हालि मुहाली भएको र भरखर प्रजातन्त्रको स्थापना भएको समय थियो । जुन बेला पञ्चायतकालीन राज्य व्यवस्था र सामान्तवादको अवशेष रहेकाले खुलेर आफ्ना विचार राख्न मानिसहरुलाई गाऱ्हो हुने गर्दथ्यो । त्यस्तो अवस्थामा जन्मिएको यस संस्थालाई बिशुद्ध समाज सेवा गर्ने उद्देश्य राखेर अगाडि बढ्नु र आफ्ना गतविधिहरु सञ्चालन गर्नु निश्चय नै सजिलो थिएन । समाजको चेतनास्तर, शैक्षिक स्तर, आर्थिक अवस्था, यातायात, सञ्चार, लगायत अन्य पूपर्वाधार समेतबाट ज्यादै पछाडि रहेको अवस्था थियो । यस्तो परिवेशमा सामाजिक परिवर्तन र विकासको लागि  ईंटा थप्नको लागि यस संस्थाबाट प्रयासको थालनी भएको थियो । समाजमा विद्यमान कुरीति कुसंस्कार जस्ता पक्षको विरुद्धमा आवाज उठाउँदै समाजलाई सही दिशामा डोऱ्याउनको लागि सामाजिक जागरण, गाउँ टोल सफा राखौं भन्ने अभियान सञ्चालन, सार्वजनिक धारा, बाटो पुल, मठमन्दिरको निर्माण तथा मर्मत सम्भारमा समुदायको सहभागितामा जोड दिँदै आफ्नो विकास आफैं गरौं भन्ने अभियान सञ्चालनमा यस संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । त्यसैगरी कला संस्कृतिको संरक्षण र आन्तरिक स्रोत अभिबृद्धिको लागि देउसी भैलो कार्यक्रम सञ्चालन गर्दै अगाडि बढेको यस संस्थाले हाल विकासमा इँटा थप्ने कार्य गरिरहेको पाउँदा ज्यादै खुश लागेको छ ।
चेतना र शैक्षिक विकासको क्रमसँगै भौतिक विकासका आवश्यकताहरुको सम्भावनाहरुलाई संस्थाले स्थानीय तहमा आकर्षित गर्नको लागि विभिन्न प्रयासहरु गरेको छ । सोही क्रममा सरकारी निकाय विभिन्न गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा समन्वय गरेर विकासका कामहरु सञ्चालन गर्दै आइरहेको छ । गाउँ टोल समाजमा भएका र देखिएका समस्याहरुको पहिचान गरी जसको सामाधानको लागि सम्बन्धित निकायमा पहल कदमी गरिरहेको छ । जिल्लाको आवश्यकता परिपूर्तिको लागि वर्ल्ड भिजन, कन्सर्न वर्ल्डवाइड, युएनडिपि, युएसएड, न्यायिक संसार लगायतसँग समन्वय र साझेदारी विकास गरिरहेको छ । जसले यस अवधिमा एक सय भन्दा बढी व्यक्तिलाई रोजगार दिन सफल भएको छ भने कार्यक्रम मार्फत स्वरोजगारीको सिर्जनामा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ । भूकम्प पछाडिको अवस्थामा स्थनीय आवश्यकता परिपूर्तिमा सहजीकरण गरिरहेको छ । एउटा सानो टोलबाट सुरु भएको यस संस्थाले दोलखा जिल्लालाई नै कार्यक्षेत्र बनाउन सफल भएको छ ।
नेपालमा प्रजातन्त्रको स्थापना पछि पनि भएको जनआन्दोलन सशस्त्र द्वन्द्वले नेपालको समृद्धिको पाटोलाई केही पछाडि धकेलिदियो । यस्तो अवस्थामा देश र समाजलाई विकास र समृद्धितर्फ अगाडि बढाउनको

लागि व्यक्ति, समुदाय, संघसंस्था, सरकारी निकाय सबैले अभियानको रुपमा विकास निर्माणको कार्यमा जुट्नु आवश्यक देखिन्छ । सोही अभियानमा साथ दिन विभिन्न विदेशी संघ संस्थाहरु नेपाल भित्रिएका छन् र विभिन्न सहयोग गरिरहेका छन् । यस्तो अवस्थामा आएको सहयोगलाई  सकारात्मक सोचाइका साथ लक्षित वर्गमा पुऱ्याउन, सोको पाररदर्शिता अझ अभिबृद्धि गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न सकेमा अझ यस संस्थाको उचाइ बढ्न सक्ने देखिन्छ । राजनीतिक आस्था वा विचारको आधारमा स्थापित र परिचालित भएको संस्था भनी कहीँ कतैबाट आरोप प्रत्यारोप हुने गरेता पनि संस्थाले ती आरोपहरुलाई चिर्दे अगाडि बढ्न सफल भएको छ । यसरी समाज परिवर्तको लागि काम गर्न क्रियाशील संस्थाबाट कार्यक्रम सञ्चालनको क्रममा कुनै त्रुटी वा कमिकमजोरी देखिएमा त्यसलाई सच्याउनको लागि हामिले सम्बन्धित पक्षलाई सुझाव दिनु पर्दछ । हामी सबैको प्रयास, सहयोग र सहकार्यबाट मात्र समाजको मुहार फेर्न सकिन्छ । यसमा म मेरोतर्फबाट सक्ने सहयोग र समन्वय गर्ने विश्वास व्यक्त गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# सफलताको शिखरमा दीपज्योति

ईश्वर थापा
माआवादी केन्द्रमा आस्थावान्

दोलखा जिल्लाको उत्तरी भेग सुन्द्रावती गाविसमा २०५२ साल भाद्र २० गते स्थापित श्री दीपज्योति समााज सुधार संघ २१ वर्ष पूरा गरी २२ वर्ष प्रवेशको दौरानमा समाजका हरेक समस्याहरुसँग वैचारिक मन्थन गर्दै आजको नवयुगसँग जुधिरहेको छ । स्वभावैले मानव समाजमा एक पछि अर्को आवश्यकताको जन्म हुन्छ साथै एकपछि अर्को विचारको जन्म हुन्छ । यो समाजको खोज- अनुसन्धान सहितको समाजको अपरिहार्य आवश्यकता हो ।

दोलखा जिल्लाको सुन्द्रावती गाविस भौगोलिक, जातीय, धार्मिक, राजनीतिक विविधता बोकेको रमणीय सुन्दर ठाउँ हो । यिनै विशेषताले सजिएको थुम्का आफैँमा सबैको आकर्षणको केन्द्र छँदैछ । यसै ठाउँमा दीपज्योति समाज सुधार संघको स्थापना हुनु भनेको विविध विचारहरुको वैचारिक मन्थनको साझा उपज दीपज्योति समाज सुधार संघ हो । सुन्द्रावती गाविसको पहिचान बोकेको दीपज्योति समाज सुधार संघले आज जिल्लाका विभिन्न गाविसलाई आफ्नो कार्य क्षेत्र बनाउँदै सामाजिक काम गर्न सफल हुनु भनेको यस संस्थाको नीति र नेतृत्व सही भएर नै हो । भनिन्छ, नीति सही भए नभएका चिज पनि प्राप्त गर्न सकिन्छ र नीति बेठीक भए आफूसँग भएका चिजहरु समेत गुम्छन् । आज दीप ज्योति समाज सुधार संघले जुन सफलता प्राप्त गरिरहेको छ ; यसको अर्थ सही नीति र नेतृत्व हो ।

हाम्रो समाज यतिखेर नव निर्माणको चरणमा छ । चाहे त्यो राजनीति रुपले होस् चाहे सामाजिक रुपले । २०७२ सालको विनाशकारी भूकम्पपछि झन् हामीमा हाम्रो दिल दिमाग नै नव निर्माणको चरणमा छौँ । हाम्रा दिल दिमागमा भौतिक, प्राकृतिक सबै संरचनाको बारेमा हामी सबैले खुला दिमागले सोच्नु पर्ने बेलाको सुरुवात भएको छ । यसको प्रमुख जिम्मेवारी राज्यको हो । यसमा सहयोगी भूमिका दोलखा जिल्लामा स्थापित विभिन्न संघ संस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थामा रहन्छ । दीपज्योति समाज सुधार पनि यसैको एउटा उपज हो । यो अवस्थामा यस संस्थाले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै विभिन्न गाविसमा स्थापित हुनु भनेको यसको सफलता हो । अहिलेको परिवेश चुनौती र सम्भावनाको शिखरमा खडा छ । हामीले यतिबेला चुनौतीको सामना गर्दै सम्भावनाको खोजी गर्नु जरुरी रहेको छ । संघ संस्थाहरुका आआफ्ना नीति तथा कार्यक्रमहरु हुन्छन् जुन नीति कार्यक्रम नेपाल सरकारका नीति कार्यक्रमकसँग सम्बन्धित हुन्छन् । अहिलेको संविधानले व्यवस्था गरे अनुरुप संघ संस्था खोल्न पाउने अधिकार छ । यसै अनुरुप पनि यो संस्था सहयोगी संस्थाको रुपमा छ ।

समाजमा आवश्यकताको चाङ अथाह छ । यो चाङलाई संस्थाले पूरा गर्न सक्दैन । आफ्नो नीति र कार्यक्रम अनुरुप चल्दै जाँदा विवादको जन्म पनि हुन्छ । विवादलाई हल गरेर अघि बढ्नु सफल नेतृत्वको कार्य कौशलता पनि हो । दीपज्योतिलाई यो सफलता मिलिरहन्छ । किनकी २१ वर्षको अनुभवले त्यो कुरा सिकाएको छ ।